सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ माघ २०८०, आइतबार (28 Jan 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

द्रुत बसको सबै जानकारी मोबाइल एपबाटै



एपमार्फत यात्रुहरूले द्रुत बसको नम्बर, चालकको नाम, बस रोकिने स्टप, आइपुग्न लाग्ने समय, लाइभ लोकेसन, भाडादर लगायत गुनासोसमेत राख्न मिल्ने

(विस्तृत पृष्ठ २)

निर्देशक नियुक्तिमा अल्झिएको सिंहदरबार वैद्यखाना

सर्वोच्चमा मुद्दा, असोजयता औषधि उत्पादन ठप्प



कच्चा पदार्थ संकलन गरेर १५० भन्दा बढी औषधि उत्पादन गर्दै आएको सिंहदरबार वैद्याखाना विवादका कारण बन्द हुने अवस्थामा पुगेको छ। निर्देशक नियुक्तिको विवादमा अल्झिरहेको वैद्यखानामा केही समययता औषधि उत्पादनसमेत ठप्प छ।

(विस्तृत पृष्ठ ३)

राजनीतिक नेतृत्वमा नैतिकताको संकट



● मेघराज शंकर

लोकतान्त्रिक शासन प्रणालीमा शासन सत्ताको बगडोर राजनीतिक नेतृत्वले समाल्ने भएकाले विधिको शासन सञ्चालनका लागि नेतृत्व नैतिकवान् नभई हुँदैन

(विस्तृत पृष्ठ ४)

सिस्नेखोला–नागढुंगा सुरुङमार्ग 'ब्रेक थ्रु' गर्ने २३ फागुनको साइत



अब ४५.६ मिटर मात्रै सुरुङ खन्न बाँकी

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ निर्माणाधीन तीन फोहोर पानी प्रशोधन केन्द्र अलपत्र

८८ करोड खर्च भएपछि ठेक्का तोडियो, दुई वर्ष हुँदा पनि नयाँको प्रक्रिया सुरु भएन

■ बालकुमारीमा निर्माणाधीन प्रशोधन केन्द्र, जसका अधुरा संरचना काम नलाग्ने हुँदै छन्

● एडिबीको चार अर्ब सफ्ट लोनमा ललितपुरको बागमती, धोबीघाट र भक्तपुरको सल्लाघारीमा २०१७ जनवरीदेखि सुरु भएका थिए आयोजना

● ठेकेदार कम्पनीले २०२२ जनवरीसम्म जम्मा २७ प्रतिशत मात्रै काम गरेपछि सरकारले त्यतिवेलै तोडेको थियो ठेक्का

दुई वर्षदेखि निर्माण कार्य ठप्प

शिवहरि घिमिरे/नयाँ पत्रिका

उपत्यकाका तीन स्थानमा निर्माणाधीन फोहोर पानी तथा ढल प्रशोधन केन्द्र अलपत्र परेका छन्। ललितपुरको बालकुमारीसहित उपत्यकाका तीन स्थानका खोला क्षेत्रको फोहोर पानी तथा ढल प्रशोधन गर्न सात वर्षअघि नै सुरु गरिएका चार अर्ब लगानीका योजना अलपत्र परेका हुन्। योजनामा अहिलेसम्म ८८ करोड खर्च भइसकेको छ। तर, काम दुई वर्षदेखि ठप्प छ।

एसियाली विकास बैंक (एडिबी)को चार अर्ब सफ्ट लोनमा ललितपुरको बागमती, धोबीघाट र भक्तपुरको सल्लाघारीमा २०१७ जनवरीदेखि सुरु भएका योजना अलपत्र परेका हुन्। सरकारले 'प्याकेज' योजनाअन्तर्गत एकै समयमा यी तीन स्थानमा प्रशोधन

» पृष्ठ ७ मा क्रमशः







तस्बिर : **अमुल थापा**/**न**याँ पत्रिका

१२८ रोपनीमा निर्माणाधीन बालकुमारी प्रशोधन केन्द्रमा पोखरीसहितका अन्य संरचनाको केही काम भएको छ। त्यस्तै, पाँचवटा भवन ठड्याइए पनि ती अलपत्र छन्। ठेकेदार कम्पनीले पाँच वर्षमा बालकुमारीमा २७ प्रतिशत मात्र काम सकेको छ। बालकुमारीको फोहोर पानी प्रशोधन केन्द्र निर्माण हुन करिब दुई अर्ब लाग्ने अनुमान गरिएको छ। यसअघि ठेकेदार कम्पनीले निर्माण गरेका संरचनामा ३० करोड रकम खर्च भइसकेको छ। सरकारले फोहोर तथा ढल प्रशोधन गरेर बागमती, विष्णुमती, धोबीखोला, हनुमन्तेलगायत खोलामा सफा पानी बगाउन र यहाँको पर्यावरण जोगाउन प्रशोधन केन्द्र निर्माण गर्ने योजना अघि सारेको थियो।

चिनियाँ प्रतिनिधिमण्डलको उच्चस्तरीय राजनीतिक भेटवार्ता

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल भ्रमणमा शुक्रबार आएको चिनियाँ कम्युनिस्ट पार्टीको चार सदस्यीय प्रतिनिधिमण्डलले शनिबार उच्चस्तरीय राजनीतिक भेटवार्ता गरेको छ। चिनियाँ प्रतिनिधिमण्डलले प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली, पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेसँग बेग्लाबेग्लै शिष्टाचार भेट गरेको हो।

भेटमा शीर्ष नेताहरूलाई चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग उपमन्त्री सुन हैयानले

» पृष्ठ ७ मा क्रमशः



प्रधानमन्त्रीनिवास बालुवाटारमा शनिबार प्रधानमन्त्री प्रचण्ड र चिनियाँ कम्युनिस्ट पार्टीका उपमन्त्री सुन हैयान। चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डलद्वारा शनिबार प्रधानमन्त्रीसहित एमाले अध्यक्ष केपी ओली, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग बेग्लाबेग्लै शिष्टाचार भेट गरेको छ। भेटमा नेताहरूले नेपाल-चीन सम्बन्ध र विगतका सहमति कार्यान्वयनमा जोड दिए।

भिजिट भिसाको सेटिङमा संलग्न अध्यागमनका थप सात कर्मचारीविरुद्ध पक्राउ पुर्जी

नवराज मैनाली/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयमा संगठित रूपमै भिजिट भिसाको सेटिङ चलेको प्रहरी अनुसन्धानले देखाएको छ। जिल्ला अदालतले गिरोहमा आबद्ध थप सात अध्यागमन अधिकृतविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

थुनामा रहेका अध्यागमन अधिकृत नरवीर खड्का र बिचौलियामाथिको अनुसन्धानमा थप कर्मचारीको संलग्नता पुष्टि भएको हो। सोही आधारमा केही दिनअघि पक्राउ पुर्जी लिएर यसमा संलग्न थप कर्मचारीको खोजी सुरु भइसकेको छ। यसअघि नै अर्का अधिकृतविरुद्ध मुद्दा दायर भइसकेको छ।

प्रहरी स्रोतका अनुसार अध्यागमन अधिकृतहरू कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकास डंगोल, पीताम्बर रिमाल र सुजन फागोविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। जिल्ला अदालत, काठमाडौंले ९ माघमा उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो।



फाइल तस्बिर

अध्यागमनमा संगठित रूपमै भिजिट भिसाको सेटिङ रहेको निष्कर्ष

जिल्ला प्रहरी परिसर काठमाडौंले अधिकृत खड्कासहित १० जनालाई थुनामा राखी अनुसन्धान गरिरहेको छ। उनीहरूको बयान र मोबाइलमाथि अनुसन्धान हुँदा संगठित गिरोहको संलग्नता पुष्टि भएको हो। अधिकृत खड्काले पक्राउ पुर्जी भएका सातैजनाको नामसमेत लिएर आफूहरूले मिलेरै भिजिट भिसामा यात्रा अनुमति दिने गरेको र पैसा बाँडेर लिने गरेको बयान दिएका छन्। उनको मोबाइलमा समेत यससम्बन्धी प्रमाण प्रहरीले फेला पारेको छ। सोही आधारमा उनीहरूलाई समेत प्रतिवादी बनाउन लागिएको हो।

भिजिट भिसाको सेटिङमा प्रहरीले लिखत किर्ते तथा संगठित अपराधको कसुरमा अनुसन्धान गरिरहेको छ। अनुसन्धान अन्तिम चरणमा रहेको र केही दिनभित्रै अनुसन्धान प्रतिवेदन सरकारी

» पृष्ठ ७ मा क्रमशः

■ खोरमा राखिएका बाघलाई खाना जोहो गर्ने सकस

उद्धार केन्द्रमा राखिएका पाँचवटा बाघलाई खानामा मात्र वार्षिक ३५ लाखसम्म खर्च

बर्दियामा **यज्ञप्रसाद सापकोटा**

बर्दिया राष्ट्रिय निकुञ्जको खोरमा राखिएको बाघका लागि खाना जोहो गर्न सकस भएको छ। पछिल्लो समय संख्या बढ्दै जाँदा समस्याग्रस्त बाघहरू फेला पर्ने क्रम पनि बढेको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा मात्रै पाँचवटा समस्याग्रस्त बाघ नियन्त्रण लिई उद्धार केन्द्रमा राखिएको छ।

निकुञ्जका अनुसार एउटा बाघलाई एक दिन बिराएर सात केजी मासु दिइन्छ। एक हप्तामा प्रतिबाघ २८ केजीको दरले मासु दिने गरिएको छ। पाँचवटा बाघलाई हरेक साता एक सय ४० केजी मासु खुवाउने गरिएको छ। वार्षिक रूपमा पाँचवटा बाघलाई खाना खुवाउँदा ३० देखि ३५ लाख रुपैयाँसम्म खर्च लाग्ने गरेको बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. अशोककुमार रामले जानकारी दिए। बाघलाई उपचार र रेखदेखका लागि जनशक्ति खर्चसमेत थप लाग्ने गरेको छ। 'अहिलेसम्म विभागसँग समन्वय गरेर समस्या समाधान गरेका छौं। भविष्यमा कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ताको विषय छ,' उनले भने।

बर्दियामा यस वर्ष पनि पाँचदेखि आठवटासम्म समस्याग्रस्त बाघ भेटिन सक्ने सम्भावना भएको डा. रामले बताए। 'तिनीहरूमध्ये दुईवटा नियन्त्रणमा लिइसकेका छौं। दुईवटाका लागि रेस्क्यु सेन्टर बनाउने क्रममा छौं। बाँकी बाघ कहाँ राख्ने भन्ने चिन्ता छ,' उनले भने। हरेक वर्ष समस्याग्रस्त बाघ

» पृष्ठ ७ मा क्रमशः



दिगो समस्या समाधानको उपाय खुला चिडियाखाना

प्रत्येक वर्ष थपिने समस्याग्रस्त बाघलाई नियन्त्रणमा लिएर उद्धार केन्द्रमा राख्न निकै समस्या पर्ने देखिएको छ। उनीहरूलाई सधैं उद्धार केन्द्रमा राख्दा बाघको स्वतन्त्रता हनन हुने संरक्षणकर्मीको भनाइ छ। त्यसका लागि बाघलाई राख्न खुला चिडियाखाना बनाउनुपर्ने उनीहरू बताउँछन्। बाघ राख्न निकुञ्जबाहिर सामुदायिक वन क्षेत्रमा सुरक्षित बनाई खुला चिडियाखाना बनाउन सकिने प्रमुख संरक्षण अधिकृत डा. अशोककुमार रामले बताए। ठूलो पर्खाल बनाएर बाघ बाहिर निस्किन नसक्ने गरी बाघलाई खुला रूपमा राख्न सकिने उनको भनाइ छ। खुला चिडियाखानामा पर्यटकलाई घुमाई राम्रो आम्दानी गर्न सकिने, सोही आम्दानीले बाघलाई सहजै व्यवस्थापन गर्न सकिने उनको भनाइ छ। 'समस्याग्रस्त बाघलाई दिगो व्यवस्थापन गर्न पनि सकिने, पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने हुनाले स्थानीय तह, प्रदेश र संघले लगानी गर्न सक्छन्,' उनले भने।

अधिवेशन आह्वानसँगै संसदीय समिति सक्रिय

विधेयकमाथि काम गर्न धमाधम बैठक आह्वान

कमलराज भट्ट/नयाँ पत्रिका

■ आइतबार

- साढे ११ बजे केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्न कानुन समितिको बैठक
- १ बजे अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा राज्य व्यवस्था समिति छलफल चलाउँदै

■ सोमबार

- ११ बजे कृषि समिति बैठकमा खाद्य स्वच्छता विधेयकमाथि छलफल हुँदै
- साढे ११ बजे सार्वजनिक सेवा प्रसारण विधेयकमा छलफल चलाउन शिक्षा समितिको बैठक

राष्ट्रिय सभाका समितिले विधेयकको छलफललाई नियमित रूपमा अगाडि बढाए पनि प्रतिनिधिसभाका समिति भने अधिवेशन आह्वान भएपछि सक्रिय

संसद्को हिउँदे अधिवेशन २२ माघका लागि आह्वान भएसँगै संसदीय समितिले विधेयकमा काम थालेका छन्। संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको समितिमा १२ र राष्ट्रिय सभाको समितिमा दुई विधेयक दफावार छलफलका लागि आइपुगेका छन्।

राष्ट्रिय सभाका समितिले विधेयकको छलफललाई नियमित रूपमा अगाडि बढाए पनि प्रतिनिधिसभाका समिति भने अधिवेशन आह्वान भएपछि बल्ल सक्रिय भएका छन्। प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले शुक्रबारदेखि अभिलेख संरक्षणसम्बन्धी ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकमा दफावार छलफल थालेको छ। यद्यपि, कोरम नपुगेर उक्त बैठक पूर्ण रूपमा सञ्चालन हुन सकेन। आगामी बैठकमा पनि यही विधेयकलाई निरन्तरता दिएर टुंग्याउने समितिको योजना छ।

यसैगरी, आइतबार प्रतिनिधिसभाका दुईवटा समितिले विधेयकमा छलफल चलाउँदै छन्। कानुन समितिले साढे ११ बजे केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक र राज्य व्यवस्था समितिले १ बजे अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा छलफल चलाउँदै छ। यसअघि कानुन

» पृष्ठ ७ मा क्रमशः

द्रुत बसको सबै जानकारी मोबाइल एपबाटै

काठमाडौं/ द्रुत बस सेवाबारे यात्रुहरूलाई जानकारी दिन सरकारले 'एक्सप्रेस बस सर्भिस' एप प्रयोगमा ल्याएको छ। एपमार्फत यात्रुहरूले द्रुत बसको नम्बर, चालकको नाम, बस रोकिने स्टप, आइपुग्न लाग्ने समय, लाइभ लोकेसन, भाडादरलगायत गुनासोसमेत राख्न मिल्नेछ। यातायात व्यवस्था विभागले दुई साताअघिदेखि यो एप सञ्चालनमा ल्याएको हो।

एपले यात्रुका लागि आवश्यक पर्ने सबैखाले जानकारी दिने यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले जानकारी दिए। उनका अनुसार यात्रुलाई चाहिने सबै जानकारी एप राखिएको छ। आफ्नो मोबाइल तथा ल्यापटपबाट यात्रुले एप प्रयोग गर्न सक्नेछन्। यसका लागि एप डाउनलोड गरेर विवरण भर्नुपर्नेछ। त्यसपछि द्रुत बसबारे सबैखाले जानकारी एपले दिनेछ। यात्रुहरूको प्रश्नको उत्तर, गुनासोसमेत राख्ने क्याटागोरी एपमा छ। 'यो एपको प्रयोग गर्दा यात्रुलाई द्रुत बस सेवाबारे थाहा हुन्छ,' विभागका महानिर्देशक रिजालले भने, 'बसलाई व्यवस्थित बनाउन हामीले दैनिक निगरानी पनि गरिरहेका छौं।' उनका अनुसार सडक विभागले द्रुत बसको अनुगमन गर्न दैनिक तीनजना कर्मचारी खटाएको छ। ती कर्मचारी सूर्यविनायक, कोटेश्वर र रत्नपार्कमा खटिन्छन्। उनीहरूले द्रुत बसबारे जानकारी संकलन गरेर यातायात व्यवस्था विभागलाई जानकारी गराउने र एपमा अपडेट गर्ने गर्छन्।

विभागले दैनिक ३६ वटा बस द्रुत बसका रूपमा सञ्चालन गर्दै आइरहेको छ। १० मंसिरबाट थप ११ वटा द्रुत बस सञ्चालन गरेको थियो भने त्यसअघि २५ बस सञ्चालनमा थिए। यी बस बिहान र बेलुकी तोकिएको समयमा तीन-तीन मिनेटको फरकमा छुट्छन्। बिहान ८:३० बजे तीन-तीन मिनेटको फरकमा भक्तपुर सूर्यविनायकदेखि द्रुत बस छुट्छन् भने दिउँसो ३:३० देखि ५:३० सम्म रत्नपार्कदेखि सूर्यविनायकसम्म द्रुत बस सेवा सञ्चालन हुन्छन्। सरकारले ३ असारदेखि रत्नपार्कदेखि द्रुत बस सेवा सञ्चालन गरिएको थियो। उद्घाटनका दिन ट्राफिक व्यवस्था कडा पारेर शान्तिवाटिकादेखि सूर्यविनायकसम्म भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालासहितको टोली ४५ मिनेटमा पुगेको थियो। हाल द्रुत बसको लेन पहिलेभन्दा थप व्यवस्थित पारिएको छ भने स्टेसन पनि सहज बनाइएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८,८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)


NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैंकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा ओप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र ओप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तीखोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमशः०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा।
२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा।
३.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेका मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. २ (हाल हेटौडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४७७१ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा।
४.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. २ ख (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४६१५ को क्षेत्रफल ०-०-४-० (विगाह) को घरजग्गा।
५.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौडाको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ७ (हाल हेटौडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६५ को क्षेत्रफल ०-०-१६-० (विगाह) को जग्गा।
६.	यस बैंकको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ६क स्थित कित्ता नं. ५११ को क्षेत्रफल ०-६-२-० (विगाह) को घर/जग्गा।
७.	यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. २ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा।
८.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ (हाल हेटौडा उ.म.न.पा वडा नं. १४) स्थित कित्ता नं. ४२१८, ४२१६ र ४२१४ को क्षेत्रफल क्रमशः ०-०-१०.२५-०, ०-०-१०.७५-० र ०-०-११-० (विगाह) को जग्गा।
९.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ११ स्थित कित्ता नं. ९७९५ को क्षेत्रफल ०-०-८.२५-० (विगाह) को जग्गा।
११.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ११ स्थित कित्ता नं. १३१३९ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५/ग (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा र लक्ष्मीनिया गा.वि.स. वडा नं. २/क (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ८४२ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १७ (हाल नेपालगंज उ.म.न.पा वडा नं. १३) स्थित कित्ता नं. १९० र २८३ को क्षेत्रफल ६९४ र ३१५ (व.मि) को घर/जग्गा।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ५ ङ (हाल तार्केश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२० को क्षेत्रफल २६२.२७ (व.मि) को घरजग्गा।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा।
१७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. ९ क (हाल शुद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २८, ५३७, ७३६ र ७४३ को क्षेत्रफल क्रमशः ०-२-१९-०, ०-४-५-२, ०-१-०-० र ०-१-३-२ (विगाह) को जग्गा।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. ७), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लागतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९/क (हाल गुजरा न.पा. वडा नं. ७), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. ७), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स वडा नं. ८क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १९०६, १९९२, ११४७ र ११४८ को क्षेत्रफल क्रमशः ०-०-६.५-०, ०-०-६.५-०, ०-०-१०-० र ०-०-१०-० (विगाह) को घरजग्गा।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स वडा नं. ९ग (हाल तिलोत्तमा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७०६ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ११ को क्षेत्रफल ४३४.४० (व.मी) को घर/जग्गा।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सितापाइला गा.वि.स वडा नं. १ (हाल नागार्जुन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४१० र ४१२ को क्षेत्रफल क्रमशः १३.०४ र १३०.६८ (व.मी) को घरजग्गा।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, विसुनपुरा गा.वि.स. वडा नं. ४ ख (हाल गौडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ११५ को क्षेत्रफल ०-४-९-० (विगाह) को जग्गा।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, विसुनपुरा गा.वि.स. वडा नं. ४ ख (हाल गौडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४२२ को क्षेत्रफल ०-११-१२-० (विगाह) को जग्गा।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. २ (हाल पचौरा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय सिम्रौनगढ, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, कचोर्बा गा.वि.स. वडा नं. ३ (हाल सिम्रौनगढ न.पा. वडा नं. ८) स्थित कित्ता नं. १८३७ को क्षेत्रफल ०-८-० (विगाह) को जग्गा।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, तेलकुंवा गा.वि.स. वडा नं. १ (हाल महात्मागाँधी न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह) को जग्गा।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा।
३३.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. १ (हाल विर्तामोड न.पा वडा नं. १) स्थित कित्ता नं. २४९१ र २४९२ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (विगाह) को घरजग्गा।
३४.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ६५८, ६५९ र ५०५७ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-२-०-० र ०-१-३-३ (विगाह) को घरजग्गा।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ९५१ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा।
३६.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाह) को जग्गा।
३७.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाह) को जग्गा।



Lumbini Province Government
Provincial Infrastructure Development Authority
Rapti Valley, Dang, Nepal

Invitation for Bid

Date of publication: 2080/10/14

1. Provincial Infrastructure Development Authority invites electronic bids from eligible bidders for the following work under NCB.

S. N	Contract ID	Name of Project
1	PIDA/NCB/WORKS/2080/081-02	Construction of Shree MA.VI. Maurighat School Building

2. Eligible Bidders may obtain further information from the office of Provincial Infrastructure Development Authority during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Chief Executive Officer

Lumbini Provincial Government
Ministry of Health
Province Health Logistics Management Center, Butwal


Letter of Intent

Publication Date: 2080/10/14

Pursuant to clause 27(2) of Public Procurement act 2063 this is to notify all the bidders that the following Substantially responsive lowest bidder have been selected to award the contract as per the invitation for bids published on National Daily and PHLMC intends to award the contract to the same.

IFB No	Description	Publication	Name and address of Bidder	Quoted Price (without VAT)
L/PHLMC/NCB/GOODS-13/2080/081	Procurement of RURAL USG MACHINE	Naya Patrika 2080.07.17	Lumbini Healthcare Pvt. Ltd., Kathmandu	Nrs 12928500.00

PHLMC, Butwal



लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुने कारण नखुलाई अस्वीकार गर्न सक्ने छ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईनेछ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

■ निर्देशक नियुक्तिमा अल्झिएको सिंहदरबार वैद्यखाना

सर्वोच्चमा मुद्दा, असोजयता औषधि उत्पादन ठप्प

मञ्जु टेलर/नयाँ पत्रिका

कच्चा पदार्थ संकलन गरेर एक सय ५० भन्दा बढी औषधि उत्पादन गर्दै आएको सिंहदरबार वैद्याखाना विवादका कारण बन्द हुने अवस्थामा पुगेको छ। निर्देशक नियुक्तिको विवादमा अल्झिरहेको वैद्यखानामा केही समययता औषधि उत्पादनसमेत ठप्प छ।

सरकारी स्वामित्वको एक मात्र आयुर्वेदिक औषधि उत्पादक 'सिंहदरबार वैद्यखाना'ले गत असोजदेखि औषधि उत्पादन पूर्ण रूपमा रोकेको हो। वैद्यखाना विकास समितिको कार्यकाल गत असोजमै सकिएको र निर्देशकले वैद्यखानामा नियुक्तिको विषयलाई सर्वोच्च अदालतमा मुद्दा हालेकाले औषधि उत्पादन पूर्ण रूपमा रोकिएको हो। औषधि उत्पादन ठप्प हुँदा वैद्यखानाका कर्मचारी हाजिर गरेर फर्किने गरेका छन्।

२७ वर्षदेखि वैद्यखानामा काम गरिरहेका एक कर्मचारीले भने, 'पहिले वैद्यखानामा काम गर्छु भन्दा गर्व लाग्थ्यो, अहिले लाज लाग्ने अवस्था छ। एकातिर स्वास्थ्य मन्त्रालयले व्यवस्थापनमा चासो दिँदैन, अर्कोतिर काम नगर्ने, तर मन्त्रालय धाउने कर्मचारीले गर्दा संस्था बन्द हुने अवस्थामा पुगेको हो।' हाल वैद्यखानामा ४१ जना विकास समितिअन्तर्गत र दुईजना स्वास्थ्यतर्फका कर्मचारी छन्।

आयुर्वेदिक चिकित्सामा लामो इतिहास बोकेको सिंहदरबार वैद्यखाना पछिल्लो ६ वर्षदेखि निर्देशक नियुक्तिमा अल्झिँदै आएकाले बन्द हुने अवस्थामा पुगेको हो। वैद्यखाना विकास समिति गठन आदेश, २०७७ बमोजिम आयुर्वेद समूहको ११ तहको कर्मचारीलाई कार्यकारी निर्देशकको जिम्मेवारी दिन सकिने उल्लेख भए पनि स्वास्थ्य मन्त्रालयले आफूखुसी निर्देशक नियुक्ति गर्न थालेपछि विवादका कारण वैद्याखाना बन्द हुने अवस्थामा पुगेको हो।

मन्त्रालयले वैद्यखानामा एघारौँ तहका चिकित्सक नभएको भन्दै दशौँ र नवौँ तहका व्यक्तिलाई निर्देशक बनाउँदै आएकाले वर्षौंदेखि विवाद समाधान हुन नसकेको कर्मचारीहरूको भनाइ छ। हाल आयुर्वेद विधामा उक्त तहका डा. प्रदीप केसी, डा. रामआधार यादव र आयुर्वेद विभागका महानिर्देशक डा. वासुदेव उपाध्याय गरी तीनजना मात्रै चिकित्सक छन्।

सिंहदरबार वैद्यखानामा विवाद वैद्यखाना विकास समिति गठन आदेश, २०५१ लाई खारेज गरी प्रबन्ध निर्देशकको सट्टामा कार्यकारी निर्देशक राख्नुपर्ने मापदण्ड बनाए पनि विवाद देखिएको कर्मचारीको भनाइ छ। ०७५ मा गठन आदेश गरी ०७७ मा नयाँ लागू गरिएको मापदण्डले आयुर्वेदको ११औँ तहको चिकित्सक मात्रै कार्यकारी निर्देशक हुनुपर्ने बनाइएको, तर दरबन्दी नै तीनजनाको मात्र भएकाले समस्या बल्झिँदै गएको वरिष्ठ मार्केटिङ अधिकृत ऋषिराज रेग्मीले बताए। 'आयुर्वेदिक औषधि उत्पादनमा चार सय वर्षको इतिहास बोकेको संस्थालाई राजनीति गर्न थलो बनाइयो। स्वास्थ्य मन्त्रालयले गठन आदेशबमोजिम निर्देशक नियुक्ति गरेर काम लगाउनुपर्ने स्थानमा सर्वोच्च अदालतले पटक-पटक परमादेश जारी गर्दासमेत बेवस्ता गर्दै आएकाले समस्या समाधान हुन नसकेको हो,' उनले भने।





■ डा. प्रकाश बुढाथोकी, प्रवक्ता, स्वास्थ्य मन्त्रालय



■ डा. प्रदीप केसी, निर्देशक, सिंहदरबार वैद्यखाना

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी भने निर्देशक नियुक्ति सर्वोच्चले दिएको परमादेशकै आधारमा ११औँ तहका डा. प्रदीप केसीलाई गरिएको बताउँछन्। 'सर्वोच्चको परमादेशअनुसार नै केसीलाई वैद्यखाना पठाइएको हो। तर, उहाँले हालेको मुद्दा अझैसम्म चलिरहेका कारण सर्वोच्चको आदेश नआउँदासम्म हामीले केही गर्न सक्ने अवस्था छैन,' उनले भने। वैद्यखाना विकास समितिको अध्यक्ष छनोटको विषयमा समेत गठन आदेश संशोधनका लागि पुनः संसद्को निर्णय कुरिरहेका कारण कुनै प्रक्रिया अगाडि नबढाइएको प्रवक्ता बुढाथोकीले बताए।

■ ६ वर्षमा १२ कार्यकारी निर्देशक, पाँचपटक सर्वोच्चमा मुद्दा

निर्देशक नियुक्तिको विवादमा अल्झिँदै आएको सिंहदरबार वैद्यखानामा पछिल्लो ६ वर्षमा १२ पटक कार्यकारी निर्देशक फेरिएका छन्। स्वास्थ्य मन्त्रालयले गठन आदेशविपरीत निर्देशक नियुक्ति गर्दै आएको भन्दै वैद्यखानाका कर्मचारीको नियमित आन्दोलनका कारण छोटो समयमा निर्देशक फेरिँदै आएका हुन्।

वैद्यखाना विकास समिति गठन आदेशअनुसार स्वास्थ्य मन्त्रालयले नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूहको एघारौँ तहको कर्मचारीलाई वैद्यखानाको कार्यकारी निर्देशकका रूपमा नियुक्ति गरिने र निर्देशकको कार्यावधि चार वर्षसम्म रहने उल्लेख गरेपछि ०७४ पछि १२ जना फेरिएका हुन्।

०७४ मा डा. वंशदीप शर्मा खरेल कार्यकारी निर्देशक थिए। स्वास्थ्य मन्त्रालयले वैद्यखानामा विवाद भएको भन्दै वैद्यखानाकै छैटौँ तहका डा. हरिदेवप्रसाद यादवलाई निमित्त कार्यालय प्रमुख नियुक्त गऱ्यो। जबकि डा. खरेल कार्यकारी निर्देशक भएको एक वर्षसमेत पूरा भएको थिएन। त्यसपछि डा. यादव २१ असोज ०७५ देखि १६ असोज ०७६ सम्म निमित्त कार्यकारी निर्देशक बने। सर्वोच्चले पुनर्बहालीको आदेश दिएपछि डा. खरेल १७ वैशाख ०७६ देखि १६ फागुन ०७७ सम्म निर्देशक बने। त्यसपछि डा. सबरी साह पाँच महिना, डा. शोभाराम सुवेदी २९ दिन, पुनः डा. साह करिब नौ महिना निमित्त कार्यकारी निर्देशक बने। डा. श्यामबाबु यादव करिब एक महिना, पुनः डा. सबरी साह डेढ महिना, डा. वासुदेव उपाध्याय १५ दिन, डा. रामदेव यादवले ६ महिना निमित्तको जिम्मेवारी सम्हाले।

राजनीतिक स्वार्थका कारण छोटो समयमा निर्देशक फेरिन थालेको भन्दै वैद्यखानाका कर्मचारीले निर्देशक नियुक्तिमा चलखेल बन्द गर्न भन्दै ०७९ मंसिरमा सर्वोच्चमा मुद्दा दायर गरे। सो मुद्दामा सर्वोच्चले परमादेश जारी गर्दै ११औँ तहको चिकित्सकलाई निर्देशक बनाउनू भनेपछि सरकारले तत्कालको समस्या समाधान गर्न डा. वासुदेव उपाध्यायलाई विभागसँगै वैद्यखानाको प्रमुखको जिम्मेवारी दिएको थियो। तर, स्वास्थ्य मन्त्रालयले पुनः नरदेवी अस्पतालका निर्देशक डा. प्रदीप केसीलाई कामकाज गर्न भन्दै नरदेवीमै दरबन्दी राखेर वैद्यखाना पठायो। नरदेवी आयुर्वेदिक अस्पतालमा दरबन्दी राखेर वैद्यखानामा पठाएपछि आफूमाथि अन्याय भएको भन्दै केसीले सर्वोच्चमा मुद्दा हालेपछि वैद्यखाना पुनः नेतृत्वविहीन बनेको हो।

वैद्यखानाको निर्देशक नियुक्तिलाई लिएर केसीभन्दा अगाडि चारपटक सर्वोच्चमा मुद्दा परिसकेको छ। आफ्नो कार्यकाल बाँकी छँदै डा. हरिदेवप्रसाद यादवलाई जिम्मेवारी दिइएको भन्दै डा. वंशदीप शर्मा खरेलले ०७५ कात्तिकमा मुद्दा हालेका थिए। त्यसपछि डा. सबरी साहले पुनर्बहालीको माग गर्दै ०७८ भदौमा र पुनः अदालतको अवहेलना भएको भन्दै ०७९ असारमा दुईपटक सर्वोच्चमा मुद्दा हालेका थिए। त्यसपछि गठन आदेशअनुसार नै डा. वासुदेव उपाध्याय पदमा रहेको समयमा मन्त्रालयले नियमविपरीत डा.रामदेव यादवलाई निर्देशक बनाएको भन्दै वैद्यखानाका कर्मचारी ऋषिराज रेग्मीले ०७९ मंसिरमा सर्वोच्चमा मुद्दा हालेका थिए।

■ स्वास्थ्यमन्त्रीको स्वार्थका कारण वैद्यखानामा समस्या

सिंहदरबार वैद्यखानाका निर्देशक डा. प्रदीप केसीले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको व्यक्तिगत स्वार्थकै कारण समस्या आएको बताए। 'सिंहदरबार वैद्यखाना विकास समितिको अध्यक्ष नियुक्ति, बजेट निकासा र कर्मचारीका समस्याबारे अध्ययन गरेर समाधानको बाटो खोज्नुपर्थ्यो। तर, स्वास्थ्यमन्त्रीले आफ्नो स्वार्थ पूर्तिका लागि सर्वोच्चको पछिल्लो परमादेशको समेत बेवास्ता गरेर कार्यकालको अवधिसमेत नखुलाई कामकाजमा पठाएकोमा मेरो आपत्ति हो,' उनले भने।

स्वास्थ्य मन्त्रालयले दरबन्दीभन्दा बाहिर कार्यमा रहेका सबै कर्मचारीलाई दरबन्दी रहेकै स्थानमा पठाउने निर्णय गरेर सोहीअनुसार कर्मचारीको काज फिर्ता गर्दै आएको छ। तर, आफ्नै निर्णयविपरीत मन्त्रालयले नरदेवीमा दरबन्दीमा रहेका केसीलाई कामकाजका लागि भन्दै वैद्यखानामा पठाउने निर्णय गरेपछि उनले सर्वोच्चमा मुद्दा हालेका हुन्। केसीले मन्त्री बस्नेतको निर्णय सर्वोच्चको परमादेशविरुद्ध भएको, नेपाल स्वास्थ्य सेवा नियमावलीविरुद्ध भएकोलगायत कारण देखाउँदै आफूलाई नरदेवीमा पदीय जिम्मेवारीअनुसार काम गर्न पाऊँ भनी रिटमा उल्लेख गरेका छन्। सर्वोच्च अदालतले केसीले मन्त्री बस्नेतविरुद्ध हालेको मुद्दा पूर्ण इजलासमा पठाइएको छ।

एकीकृत समाजवादीले कम्युनिस्ट आचरण र नैतिकता विधानमै थप्ने

काठमाडौं/ सत्तारूढ दल एकीकृत समाजवादीको केन्द्रीय परिषद्को दोस्रो बैठक आइतबार सुरु हुँदै छ। राजधानीको प्रज्ञा भवनमा आइतबार बिहान साढे ११ बजे अध्यक्ष माधवकुमार नेपालले बैठकको उद्घाटन गर्ने महासचिव घनश्याम भुसालले जानकारी दिए। सोमबारसम्म बस्ने बैठकले विधान संशोधन गर्नेछ।

कम्युनिस्ट आचरण र नैतिकता थप गर्ने भएको छ। 'पार्टीका नेता र कार्यकर्ताको आर्थिक र नैतिक आचरण शुद्ध हुनुपर्दछ। खानपान, रहनसहन, बसउठ आदि सरल र सामान्य हुनुपर्छ,' विधानमा थप गर्न गरिएको प्रस्तावमा भनिएको छ, 'कम्युनिस्ट नैतिकता मूल पक्ष हो। व्यक्तिवादको विस्थापन र सामूहिकताको स्थापनालाई हामीले आत्मसात् गर्नुपर्छ।'

नेता तथा कार्यकर्ता निजी स्वार्थको परित्याग गरी सामूहिक हित एवं राष्ट्र, राष्ट्रियता, देश, जनता र श्रमजीवी वर्गको सेवामा समर्पित भएर लाग्ने उच्च क्रान्तिकारी नैतिकता हुनुपर्नेछ। यस्तै, व्यवहार र जीवनशैली सादा र सरल हुनुपर्ने, सादा जीवन उच्च विचार हुनुपर्ने भएको छ।

'श्रम शोषण नगर्ने, श्रमप्रति सम्मानको दृष्टिकोण राख्ने, श्रम गर्ने, शुद्ध एवं पारदर्शी आर्थिक व्यवहार गर्ने। महिलाप्रति एकनिष्ठताको साथै समानताको व्यवहार हुनुपर्छ। यो नै कम्युनिस्ट नैतिकता हो,' मस्यौदामा भनिएको छ।

विधान संशोधनका लागि विभिन्न विकल्प पनि दिइएको छ। विधान मस्यौदा केन्द्रीय कमिटी १७५ सदस्यीय हुने प्रस्ताव गरिएको छ। त्यसमा पदाधिकारीसहित १५९ पूर्ण र १६ जना वैकल्पिक केन्द्रीय सदस्य हुने भनिएको छ। विकल्पमा वैकल्पिक केन्द्रीय सदस्य नराख्ने प्रस्ताव पनि गरिएको छ। एकजना वरिष्ठ नेता राख्ने कि सम्मानित नेता भन्ने विकल्प अघि सारिएको छ। केन्द्रीय कमिटीको कुल सदस्य संख्याको एकतिहाइ महिला हुने मस्यौदामा उल्लेख छ। केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरू केन्द्रीय परिषद्बाट निर्वाचित हुने कि महाधिवेशनबाट भन्ने विकल्प पनि दिइएको छ। पदाधिकारीसहित ५७ सदस्यीय स्थायी कमिटी, स्थायी कमिटी सदस्यसहित १९ सदस्यीय पोलिटब्युरो रहने कि केन्द्रीय पदाधिकारी र स्थायी कमिटी सदस्यसहित ५७ सदस्यीय पोलिटब्युरो र पदाधिकारीसहित १९ सदस्यीय स्थायी कमिटीको विकल्प दिइएको छ।

केन्द्रीय कमिटी र केन्द्रीय आयोगका सदस्य एवं पदाधिकारी चयन केन्द्रीय परिषद्ले गर्ने कि राष्ट्रिय महाधिवेशनले गर्ने भन्ने विकल्प पनि थप गरिएको छ। सबै तहका पार्टी पदाधिकारी वा सदस्यले पार्टी स्कुलले सञ्चालन गरेको कक्षामा सामेल भई प्रशिक्षण लिएको हुनुपर्ने प्रावधान विधानमा थप्न प्रस्ताव गरिएको छ।

माओवादी घटक विभाजित भएकाले लक्ष्यमा पुगिएन : प्रचण्ड

काठमाडौं/ प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले माओवादी घटकहरूबीच एकता अपरिहार्य रहेको बताएका छन्। पार्टी कार्यालय पेरिसडाँडामा सहिद प्रतिष्ठानको १४औँ वार्षिक साधारणसभालाई शनिबार सम्बोधन गर्दै उनले माओवादी घटक विभाजित भएका कारण लक्ष्यमा पुग्न नसकिएको बताए। परिवर्तन रक्षाका निम्ति माओवादी विचारधारामा छरिएर रहेका नेता तथा कार्यकर्ता एकताबद्ध हुनुपर्नेमा उनले जोड दिए। 'माओवादी घटकहरू विभाजित भएका कारण लक्ष्यमा पुग्न सकिएन। देशभरका माओवादी आन्दोलनका सबै धारालाई एकताबद्ध हुन र एकढिक्का भएर काम गर्न अपिल गर्दछु,' उनले भने।

प्रचण्डले जनयुद्धका सहिद, बेपत्ता तथा घाइतेलाई राज्यले सम्बोधन गर्दै अगाडि बढेको स्मरण गर्दै जनयुद्धका घाइतेको वर्गीकरण गरिने प्रतिबद्धता पनि जनाए। '१५-१६ वर्षअघि घोषणा भएका सहिदले औपचारिक रूपमा राष्ट्रिय सहिदको दर्जा प्राप्त गर्न सकेनन्। औपचारिक ढंगले त्यसलाई दर्ता नगरिएको हुनाले, त्यसलाई राजपत्रमा प्रकाशित नगरिएको हुनाले राष्ट्रिय सहिदको सम्मान प्राप्त गर्नबाट हाम्रा हजारौँ सहिद वञ्चित भए। यसपटक मैले प्रधानमन्त्रीको रूपमा त्यो अधुरो कामलाई पूरा गर्नैपर्छ भन्ने संकल्प लिएको हुनाले जनयुद्ध र जनआन्दोलनका सहिदहरूलाई राष्ट्रिय सहिदको सम्मान गर्नुपर्ने थियो। त्यो सम्मान गर्ने कार्य पूरा भएको छ।'

छुट भएका झन्डै थप तीन हजारलाई सहिद घोषणा गर्ने निर्णय भइसकेको र राजपत्रमा प्रकाशित गर्ने प्रक्रिया अगाडि बढिसकेको उनले बताए। कतिपय घाइते सूचीकृत हुन छुटेको भन्दै उनले उनीहरूलाई पनि समावेश गरिने प्रतिबद्धता जनाए। प्रचण्डले सरकारले गरेका राम्रा काम जनतासम्म पुऱ्याउन आग्रहसमेत गरे। आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायको कामले जनतामा आशा जागेको उनले दाबी गरे। संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक सहमतिमै टुंगिने उनको भनाइ थियो।

गुल्मी अस्पतालमा हेमोडायलाइसिस सेवा सुरु

गुल्मी/ गुल्मी अस्पतालमा शनिबारबाट हेमोडायलाइसिस सेवाको औपचारिक शुभारम्भ भएको छ। लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री राजु खनालले हेमोडायलाइसिस सेवाको शुभारम्भ गरेका हुन्। संघीय सरकारको सहयोगमा रेसुंगा नगरपालिकाले पाँचवटा मेसिन खरिद मिर्गौलापीडितका लागि डायलाइसिस सेवा विस्तार गरिएको हो। हेमोडायलाइसिस सेवा विस्तार भएसँगै मिर्गौलापीडितलाई प्रत्यक्ष लाभ भएको छ। स्वास्थ्यमन्त्री खनालले आर्थिक संकटका बीच पनि स्वास्थ्य सेवा थप स्तरीय र भरपर्दो बनाउनुपर्ने चुनौती रहेको बताए। उनले प्राविधिक जनशक्ति अभाव र पहाड आउन गाह्रो मान्ने मानसिकताका बीच अस्पतामा थुप्रै विशेषज्ञ डाक्टर पदपूर्ति गर्न नसकिएको बताए। डायलाइसिस सेवा विस्तारसँगै १६ जना बिरामी अस्पतालको सम्पर्कमा आएको गुल्मी अस्पतालका प्रमुख वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट डा. किशोर बन्जाडेले जानकारी दिए। जिल्लामा हालकै अवस्थामा दुई सिफ्टमा सेवा सञ्चालन गर्दा १० जनाले सेवा लिन सक्ने अवस्था छ

डडेल्धुरामा १५ प्रतिशत नागरिकले गरे स्वास्थ्य बिमा

डडेल्धुरा/ डडेल्धुरामा स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको चार वर्षमा झन्डै १५ प्रतिशत जनसंख्या मात्रै आबद्ध भएका छन्। स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको चार वर्षसम्म पनि न्यून जनसंख्या मात्रै कार्यक्रममा आबद्ध भएको हो।

स्वास्थ्य बिमा बोर्ड सम्पर्क कार्यालय डडेल्धुराका अनुसार ०७६ फागुनदेखि अहिलेसम्म आठ हजार सात सय ६५ परिवारका २० हजार ६ सय १६ नागरिकले स्वास्थ्य बिमा गरेका छन्। जुन कुल जनसंख्याको १४ दशमलव ७७ प्रतिशत हुन्छ। ०७८ को जनगणनाअनुसार डडेल्धुराको जनसंख्या एक लाख २९ हजार ६०२ छ।

कार्यालयका दर्ता अधिकारी ईश्वरदत्त जोशीका अनुसार जिल्लामा शुल्क तिरेर बिमा गर्नेको संख्या १२ हजार सात सय तीन छ। 'जिल्लामा रहेका दुई हजार ३२ महिला स्वास्थ्य स्वयंसेविका परिवारका सदस्य तथा पाँच हजार दुई सय ६५ जना ज्येष्ठ नागरिकको पनि निःशुल्क रूपमा स्वास्थ्य बिमा गरिएको छ,' उनले थपे, 'एचआइभी संक्रमितका एक सय ४८ जना परिवारका सदस्य, ल्याप्रोसी परिवारका १५ जना सदस्य, रातो कार्ड भएका अपांगता भएका व्यक्तिका तीन सय ८५ परिवारका सदस्य र १९ जना एमडियार टिभी संक्रमितका ५८ जना परिवारका सदस्यको पनि निःशुल्क रूपमा सरकारले नै बिमा गरिदिएको छ।'

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७४/०१/२४ मा योजना संचालन अनुमति प्राप्त २०७४/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० पौष मसान्तको खुद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	७२८,४९९,२४४	६८३,१५०,०९३
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	२०,७४७,०८५	११,७५०,१३९
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१५३,०००,०००	१०७,०००,०००
	कुल लगानी (क)	**५१७,२४६,३२५**	**८१६,५००,२३२**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	२११,८०८,१३१	२८०,५४९,४३२
२	अन्य सम्पत्ति	१५,७९९,२४६	४,०७४,९६५
	जम्मा (ख)	**२२७,६०७,३७७**	**२८४,६२४,३५७**
	चालु दायित्व		
१	चालु दायित्व	३,१५९,५७५	१,५३९,००१
२	भुक्तानी दिनुपर्ने शुल्क	४,६३२,०३८	४,५९७,८१६
	जम्मा (ग)	**७,७५१,६१३**	**६,१३६,८१७**
	कुल सम्पत्ति (क+ख-ग)	**१,१३७,०६२,०५४**	**१,०४५,३८७,८१२**
१	योजना व्यवस्थापक शुल्क	१,३५५,१२९	१,३५०,४७८
२	डिपोजीटरी शुल्क	१८०,६८४	१८०,०६४
३	कोष सुपरीवेक्षक शुल्क	९०,३४२	९०,०३२
	खुद सम्पत्ति	**१,१३५,४३५,४३५**	**१,०४३,७६७,२३८**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**११.१३**	**१०.७२**

२०८० पौष मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	२८,८१७,८२९	२२,६५५,८५८
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	५४,९७२,३०३	१७,७८३,९७८
	जम्मा आम्दानी	**८३,७५०,१३२**	**४०,४३५,८३७**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	७८,५४४	६५,४०८
२	बैंक शुल्क	१,०५५	९८५
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
४	योजना व्यवस्थापन शुल्क	८,०५४,३६३	६,६९९,२३४
५	डिपोजीटरी शुल्क	१,०७३,९१५	८९३,२३१
६	कोष सुपरीवेक्षक शुल्क	५३६,९५८	४४६,६१६
७	योजना लेखापरीषण शुल्क	५०,०००	४१,६६७
८	सिडिएसिसि वार्षिक शुल्क	१७०,०००	१७०,०००
९	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
१०	सफट्वेयर खर्च	६७,८००	३३,९००
	जम्मा खर्च	**१०,०८७,६३५**	**८,४०६,०४१**
	कुल नाफा/(नोक्सान)	**७३,७०२,४५७**	**३२,०३३,७५६**

नोट:
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० पौष मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.७११,६६०,८६५.१७ रहेकोछ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेवसाइट ww.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तिय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
क)	**वाणिज्य बैंक**		
१	एनएमबि बैंक लिमिटेड	९३,३२२	१८,८०४,३८३
२	कृषि विकास बैंक लिमिटेड	७४,३८४	१८,२९१,०२६
३	सानिमा बैंक लिमिटेड	९४,४८२	२४,३७६,३५६
४	लक्ष्मी सनराइज बैंक लिमिटेड	७३,३२२	१२,७६५,३६०
५	नेपाल बैंक लिमिटेड	७३,२२१	१७,२७२,८३४
६	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१८,९९८	९,९९२,९४८
७	प्रभु बैंक लिमिटेड	९४,२७५	१५,५३६,५२०
८	एभरेष्ट बैंक लिमिटेड	४१,९५४	२१,९८३,८९६
९	प्राइम कमर्सियल बैंक लिमिटेड	९५,०४५	१९,२९४,१३५
१०	माछापुच्छे बैंक लिमिटेड	७८,३७९	१५,९१०,९३७
११	नबिल बैंक लिमिटेड	३७,६९१	१८,६३८,२००
ख)	**विकास बैंक**		
१	गरिमा विकास बैंक लिमिटेड	६०,७९२	२३,४६५,७१२
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६४,१९९	२४,६८४,५१६
३	महालक्ष्मी विकास बैंक लिमिटेड	६७,३६४	२२,९७१,१२४
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	६१,६२९	२४,५२८,३४२
ग)	**जीवन विमा कम्पनी**		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५७,५७१	३९,१४८,२८०
२	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,८१२	४,८९०,६६०
३	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	९,५२१	४,५०३,४३३
४	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	१०,१५९	५,७४९,९९४
५	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,१२४	४,६८३,४८६
६	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	४९,००७	२९,५४६,३२०
घ)	**निर्जीवन विमा कम्पनी**		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	११,९५४	१०,०८९,१७६
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	११,९९६	९,०४४,९८४
३	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	१२,५००	८,९२५,०००
४	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२४,०६८	२२,३८३,२४०
५	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	२३,१६६	१२,५८१,४५५
ङ)	**हाइड्रोपावर कम्पनी**		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	६३,३७१	३२,८८९,५४९
२	बुटवल पावर कम्पनी लिमिटेड	६१,४३४	१९,०४४,५४०
३	भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	७२६	४१८,९०२
४	माण्डु हाइड्रोपावर लिमिटेड	१,२२०	८९७,९२०
५	मिड सोलु हाइड्रोपावर कम्पनी लिमिटेड	६३३	३५६,४४२
६	पिपुल्स पावर लिमिटेड	२	६४२
७	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,४५०	५,००५,८००
८	माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड	१,२६८	५५९,३१५
९	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	३०,७७१	११,५०२,२००
१०	भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड	१,४९८	८७१,८३६
११	चिरख्वा हाइड्रोपावर लिमिटेड	६२८	३६५,४९६
१२	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२२,०००	६,७८७,०००
च)	**म्युचुअल फण्ड**		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	४,११०,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,७३६,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	१३,७७०,०००
४	आरविबि म्युचुअल फण्ड २	५००,०००	४,२९५,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-३	१,०००,०००	१०,०००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१२,२२५,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	१३,१५५,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,५७७,५००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	९,५००,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१६,३२०,०००
छ)	**लघुवित्त वित्तीय संस्था**		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	३२,१५७	२८,४८७,८८६
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	३२,०५४	२१,७६४,६६६
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१८,९६६	१६,५३८,३५२
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२१,०००	१२,०७५,०००
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२,९८९	१,९८७,६८५
६	बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	१०७,३५९
७	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	२७१,९५०
ज)	**इन्भेष्टमेन्ट**		
१	हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड	२,४७५	२,६१६,०७५
२	नागरिक लगानी कोष	७,५४२	१६,७०५,५३०
झ)	**उत्पादन तथा प्रशोधन**		
१	सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड	१२,८७२	६,९३८,००८
ञ)	**अन्य**		
१	मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१,०९५	१,१९४,२०७
२	नेपाल वेयर हाउजिङ कम्पनी लिमिटेड	१,०७६	८५१,४३९
३	हिमालयन रि इन्स्योरेन्स लिमिटेड	२३,१२३	११,५१०,६२९
	जम्मा	११,६६०,५०६	७२८,४५५,२४४

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लि. — एन आई सी एशिया बै

राजनीतिक नेतृत्वमा नैतिकताको संकट

लोकतान्त्रिक शासन प्रणालीमा शासन सत्ताको बगडोर राजनीतिक नेतृत्वले समाल्ने भएकाले विधिको शासन सञ्चालनका लागि नेतृत्व नैतिकवान् नभई हुँदैन



● मेघराज शंकर

अग्रलेख

हरेक नैतिकता सबैमा हुनु आवश्यक छ। लोकतान्त्रिक शासन प्रणालीमा शासन सत्ताको बगडोर राजनीतिक नेतृत्वले समाल्ने भएकाले विधिको शासन सञ्चालनका लागि नेतृत्व नैतिकवान् हुनु आवश्यक छ। दार्शनिक रुसोले भनेजस्तै नैतिकता कानुनभन्दा महत्त्वपूर्ण हुन्छ, किनभने कानुन नैतिकतामा आधारित हुन्छ। नेपालमा सुशासन कमजोर हुनु, विकास निर्माणको कार्य सुस्त हुनु र सरकारप्रति नागरिक आस्था झिनो हुनुको एउटा महत्त्वपूर्ण कारण राजनीतिक नेतृत्वमा नैतिकताको अभाव हो भन्ने गरिन्छ।

केलाई मान्ने नैतिकता ? : नैतिकता मानिसको जीवनशैली हो। व्यक्तिले कसरी आफ्नो र अरूका बारेमा सोच्छ, अरूसँग कसरी अन्तर्क्रिया गर्छ र समाजमा कसरी व्यवहार गर्छ भन्ने कुरालाई मार्गदर्शन गर्ने साझा मान्यता नै नैतिकता हो। नैतिक मूल्य-मान्यता देश, काल, परिस्थिति, सामाजिक-सांस्कृतिक अवस्था र धार्मिक प्रचलनअनुसार फरक-फरक भए पनि मानवका रूपमा गर्ने व्यवहारका भने केही सर्वमान्य नैतिक मान्यता रहेका हुन्छन्। झुटो नबोल्नु, अरूलाई हानि नगर्नु, नचोर्नु, हत्याहिंसा नगर्नु, अरूलाई सम्मान गर्नु, प्रेम र दयाभाव राख्नु नैतिकताका आधारभूत मान्यता हुन्। यसका साथै, सार्वजनिक पद धारण गरेको व्यक्तिले पालना गर्नुपर्ने नैतिकताका मान्यता सापेक्षतामा आधारित र अझ बृहत्तर हुने भएकाले सार्वजनिक सरोकारका विषयमा राजनीतिक नेतृत्वको नैतिकतालाई महत्त्वपूर्ण मानिन्छ।

कस्तो हुनुपर्छ राजनीतिक नेतृत्वमा नैतिकता : स्वाभाविक रूपमा राजनीतिक नैतिकताको सवाल आधारभूत नैतिक मान्यताका अलावा राजनीतिक व्यवस्था, नेपालको संविधानले प्रत्याभूत गरेका राज्यका नीति तथा निर्देशक सिद्धान्त, सार्वजनिक जिम्मेवारी, जवाफदेहिता तथा उत्तरदायित्व, आवधिक नीति, योजना तथा कार्यक्रमले नागरिकको जीवनस्तरमा सुधार गर्न लिएका लक्ष्य तथा उद्देश्य, संवैधानिक निकायका कार्यक्षेत्र र सामाजिक तथा सांस्कृतिक परिवेशसँग सम्बन्धित रहेको हुन्छ।

नेपालको संविधानले व्यवस्था गरेको निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्गनिर्देशन हो। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकार संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तको अनुसरण तथा राज्यका नीतिको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हो। राजनीतिक नेतृत्वको नैतिकताको स्तर राज्यको दायित्व वहन भएको छ-छैन र राज्य सञ्चालन संवैधानिक मार्गदर्शनका आधारमा के कसरी भएको छ भन्ने तवरले जाँजपड्ताल गर्न सकिन्छ। यसमा मूलतः सातवटा नैतिक मान्यताका आधारमा विश्लेषण गर्न सकिन्छ।

पहिलो, सार्वजनिक दायित्व र जिम्मेवारीप्रतिको प्रतिबद्धता। राजनीतिक नेतृत्वमा आफूले सम्हालेको दायित्वप्रति जिम्मेवारीबोध हुनु आवश्यक छ। जसका लागि आफूले गर्ने काम र काम गर्दा अपनाउनुपर्ने निश्चित विधि तथा प्रक्रियाबारे गहिरो लगाव हुनुपर्छ। हाम्रा कतिपय राजनीतिक नेतृत्वमा पद प्राप्त भएपश्चात् आफूले गर्ने काम र पदीय जिम्मेवारीको बोध कमै हुने गरेको छ। प्रायः धेरै पदाधिकारीले आफ्नो जम्मेवारीको कामभन्दा पनि भाषण गर्न, उद्घाटन गर्न र शिलान्यास गर्न मन पराउने, भाषण गर्दा समय र कार्यक्रम सन्दर्भभन्दा पनि असान्दर्भिक कुरा बोलेर चर्चामा आउने, कर्मचारी सरुवा, राजनीतिक नियुक्तिलगायत कार्यमा बढी जोड दिने गरेका छन्। त्यति मात्र होइन, कतिपय नेताहरूले विदेशी गैरसरकारी संस्था, धार्मिक गुरु तथा विदेशी दूतावासका प्रतिनिधिसँग अस्वाभाविक भेटघाट गर्ने, उद्योगी, व्यापारी र विभिन्न क्षेत्रका दलालसँग अप्रासंगिक हिमचिम बढाउने प्रचलनले पनि हाम्रो राजनीतिक नेतृत्वले गरेको सार्वजनिक दायित्वबोधको स्तर हेर्न सकिन्छ।

दोस्रो महत्त्वपूर्ण नैतिक मान्यता हो इमानदारी। राजनीतिक नेतृत्वले नचोर्ने र नढाँट्ने हो भने राजनीतिमा इमानदारी कायम हुन्छ। जे दिन्छु र गर्छु भनेको छ, त्यो पूरा गर्नु नढाँट्नु हो। हाम्रो राजनीतिक नेतृत्वले जनतासँग गरेको प्रतिबद्धता कति हदसम्म पूरा गरेका छन् र पूरा गर्ने क्रममा सार्वजनिक सम्पत्ति र अधिकारको सदुपयोग वा दुरुपयोग के गरेका छन्, भ्रष्टाचारको अवस्था कस्तो छ आदिले नेतृत्वको नैतिकता मापन गर्छ। सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत फाइदा तथा हितमा प्रयोग गर्नु हुँदैन। सार्वजनिक सम्पत्ति व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्नु भनेको सोझो अर्थमा चोरी गर्नु हो। हाल चर्चामा रहेका भुटानी शरणार्थी काण्ड, ललिता निवास काण्ड, सुन काण्डजस्ता अपराध तथा भ्रष्टाचारमा उच्च राजनीतिक नेतृत्वको संलग्नता देखिनुले राजनीतिक इमाानदारीको खिल्ली उडाएको छ। अर्कातर्फ जुनसुकै पार्टीको नेतृत्वले सत्ताका लागि पार्टी नीति तथा सिद्धान्तलाई नै तिलाञ्जली दिएर जोसँग पनि जसरी पनि तालमेल र गठबन्धन गर्न तयार हुने तर राष्ट्रिय सरोकारका विषयमा साझा राजनीतिक प्रतिबद्धता कायम गर्न नसक्नु पनि जनआस्थाप्रतिको बेइमानी हो, अनैतिक कार्य हो। यस प्रकारका परिघटना हाम्रो राजनीतिक संस्कृतिमा सामान्य भएका छन्।

तेस्रो, व्यक्तिगत स्वार्थबाट टाढा रहनु। सार्वजनिक पद धारण गरेको नेतृत्वसँग सार्वजनिक सम्पत्ति प्रयोग गर्ने अधिकार हुन्छ। नेतृत्वले सार्वजनिक स्रोत-साधन उपयोग गर्दा व्यक्तिगत स्वार्थबाट टाढै रहनुपर्छ। यस्तो स्वार्थ व्यक्तिगत रूपमा मात्र नभएर सार्वजनिक सरोकारको विषयबाहेक व्यक्ति, समूह तथा पार्टीसँग स्वार्थ बाझिनु हुँदैन भन्ने हो। तर, कतिपय राजनीतिक नेतृत्वले व्यक्तिगत स्वार्थमै सार्वजनिक पद र अधिकारको प्रयोग गर्ने गरेका धेरै उदाहरण छन्। व्यक्तिगत स्वास्थ्योपचारका लागि सरकारी कोषबाट खर्च लिने, पार्टी कार्यकर्ताले सञ्चालन गरेका संस्था तथा कम्पनीलाई विभिन्न राहत, अनुदान तथा सहुलियत दिने, पार्टी नेता तथा कार्यकर्तालाई लक्षित गरेर सार्वजनिक संगठन र संरचना खडा गरिनु पनि स्वार्थ बाझिने कार्य हुन्। कतिपयले पार्टीगत र समूहगत स्वार्थका लागि सार्वजनिक पदको लेनदेन गरेको पनि पाइएको छ। केही व्यापारी तथा घरानियाँलाई पार्टीलाई चन्दा तथा आर्थिक सहयोग गरेकै आधारमा कुन क्षेत्रको व्यापारी हो, त्यससँग सम्बन्धित मन्त्री वा सार्वजनिक निकायको प्रमुख पदको जिम्मेवारी दिने कार्य सामान्य बन्ने गरेको छ। यसप्रकारको स्वार्थपूर्ण खेलको अर्को उदाहरण राष्ट्रिय सभाको समानुपातिक उम्मेदवार छनोटमा पनि देख्न सकिन्छ। यसका साथै आफ्नो पार्टी समूह वा सरकारसम्बद्ध दलको नेता भ्रष्टाचार तथा अनियमितितामा मुछिएको अवस्थामा समेत अनुसन्धान नै नगर्ने वा अनुसन्धान प्रक्रिया अन्तै मोडिदिने र गैरकानुनी तथा आपराधिक काममा संलग्न भएको जनिने आधार प्रमाण भएको वा न्यायिक निकायबाट ठहर भएको अवस्थामा समेत पार्टी कार्यकर्तालाई संरक्षण गर्ने कार्यले गर्दा राजनीतिक नेतृत्वमा नैतिकता हराउँदै गएको देखिन्छ।



> राजनीतिक नेतृत्वले नचोर्ने र नढाँट्ने हो भने राजनीतिमा इमानदारी कायम हुन्छ। जे दिन्छु र गर्छु भनेको छ, त्यो पूरा गर्नु नै नढाँट्नु हो। राजनीतिक नेतृत्वले जनतासँग गरेको प्रतिबद्धता कति हदसम्म पूरा गरेका छन् भन्नेले उनीहरूको नैतिकता मापन गर्छ।

चौथो, पारदर्शिता। सार्वजनिक पद धारण गरेको व्यक्तिको गोपनीयता कम र पारदर्शिता बढी हुनुपर्छ। राजनीतिक नेतृत्वमा बसेको व्यक्तिले गरेका सार्वजनिक सरोकारसँग सम्बन्धित कामकारबाहीबारे नागरिकलाई थाहा दिनु सम्बन्धित पदाधिकारी तथा नेतृत्वको नैतिक दायित्व हो। तर, हाम्रो राजनीतिक नेतृत्वमा पारदर्शिताको अभाव देखिन्छ। चुनाव खर्च, पार्टी सञ्चालन र नेतृत्वको पारिवारिक आयस्रोतबारे नागरिक अझै पनि सशंकित र अनभिज्ञ छन्। कतिपय राजनीतिक नेतृत्वको पारिवारिक जीवनशैली र चालचलनबारे नागरिकले नजिकबाट चासो राख्छन्। खर्चिलो जीवनशैलीको आर्थिक स्रोत के हो भन्ने प्रश्न आमजनमानसमा उठ्ने गरेको छ। केही राजनीतिक नेताको नेपाली नागरिकता, राहदानी र सहकारीमा गरेको लगानीको आधिकारिकताको विषयमा भएका छानबिन तथा अनुसन्धानमा पार्टी र पार्टी नेतृत्वले सत्यतथ्य बाहिर ल्याउने भन्दा पनि ढाकछोप गर्ने प्रवृत्ति देखिएको छ। त्यसैले, पारदर्शिताको दृष्टिमा नेतृत्वमा नैतिकताको अवस्था निकै कमजोर भएकाले अमेरिकी न्यायधीश डेमन कथिको 'डिमोक्रसी डाइ बिहाइन्ड दि क्लोज डोर' भन्ने भनाइ चरितार्थ नहोला भन्न सकिन्न।

पाचौँ, सार्वजनिक जफाददेहिता तथा उत्तरदायित्व। सार्वजनिक पदमा बस्ने तथा शक्तिको प्रयोग गर्नेले आफूले गरेका कामकारबाहीको पूर्ण जिम्मेवारी लिएर दयित्व वहन गर्नुपर्छ। राजनीतिक नेतृत्वले आफू र आफूमातहत भए-गरेका कामको पुस्ट्याइँ गर्न सक्नुपर्छ। यसको अर्थ सार्वजनिक पद धारण गरेको व्यक्ति आफूले गरेका राम्रा-नराम्रा कामप्रति जवाफदेही बन्नु हो। तर, हाम्रो राजनीतिक नेतृत्वमा राम्रा कामजति सबै आफैंले गरेको भन्ने तर आफ्नो निकाय वा अन्तर्गतबाट भएका नराम्रा काम वा अप्रिय घटनाबारे पन्छिने वा गैरजिम्मेवार बन्ने प्रचलन छ। केही सातापहिले काठमाडौंको बालकुमारीमा कोरियाली भाषा परीक्षाको विषयमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर दुईजनाको ज्यान गयो। सरकारले फिल्डमा खटिएका सुरक्षा अधिकारीलाई कारबाही गऱ्यो। पीडित परिवारलाई राहत दियो। तर, प्रत्यक्ष रूपमा घटनाको नैतिक जिम्मेवारी घटनासँग सम्बन्धित कुनै मन्त्रालयको नेतृत्वले लिएन। एक निकायले अर्को निकायलाई दोष लगाउने काम भयो। राजनीतिक नेतृत्वबाटै सो घटना गणतन्त्रविरुद्धको खेल हो भनेर विषयान्तर गर्न खोजियो। यसका साथै काठमाडौंमा मेलम्चीको पानी आयो भनेर पटक-पटक उद्घाटन गर्ने राजनीतिक नेतृत्वले काठमाडौंमा मेलम्चीको पानी आउन यतिका वर्ष किन लाग्यो अनि यस्तो ढिलासुस्तीले राज्यलाई कति घाटा भयो भन्नेबारे जवाफदेही हुनुपर्ने हो भन्ने निर्क्योल गर्न सकेन।

छैटौं, तथ्यपरकता तथा वस्तुपरकता। तथ्यमा आधारित नीति-निर्माण गर्नु तथा तथ्य र प्रमाणका आधारमा कानुन कार्यान्वयन गर्नु राजनीतिक नेतृत्वको नैतिकतासँग जोडिएको विषय हो। हाम्रो राजनीतिक नेतृत्वले कतिपय सन्दर्भमा बोलेका तथा गरेका कार्य तथ्यमा आधारितभन्दा पनि भावना र उक्साहटमा हुने गरेका देखिन्छन्। हिजोआज सामाजिक सञ्जालितर असी-नब्बे हजार तलब खाने शिक्षक पनि विदेश पलायन हुने गरेका छन् भनेर प्रधानमन्त्रीले बोलेको भिडियो निकै चर्चामा छ। शिक्षकको अधिकतम तलब स्केलबारे प्रधानमन्त्रीले कुन तथ्यका आधारमा बोलेका हुन् भनेर धेरैले प्रतिक्रिया दिएका छन्। यो त एउटा उदाहरण मात्र हो। तथ्यमा भन्दा लोकप्रिय के गर्दा भइन्छ, त्यसैमा बढी केन्द्रित हुने राजनीतिक संस्कारले गर्दा नेतृत्वका अधिकांश काम-कारबाही तथ्यमा आधारित हुन सकिरहेका छैनन्।

सातौँ, निष्पक्षता। नेतृत्वले अधिकार र स्रोत साधनको उपयोग गर्दा निष्पक्ष भएर गर्नुपर्छ भन्ने नैतिक मान्यता छ। नेपालमा राजनीतिक नेतृत्वले पार्टी र व्यक्तिगत पक्षधरतामा आधारित भएर काम गर्ने गरेकाले सार्वजनिक दायित्व निष्पक्ष तवरले निर्वाह भएको अवस्था छैन। प्रधानमन्त्री तथा मन्त्री भएको अवस्थामा आफू निर्वाचित जिल्लामा धेरै विकास योजना पार्ने वा राजनीतिक नियुक्तिमा नातागोता तथा पार्टी कार्यकर्ता भर्ती गर्ने प्रवृत्ति छ। कतिपय स्थानीय तहमा आफूलाई भोट नदिएका तथा अन्य पार्टीका सेवाग्राहीलाई जनप्रतिनिधिले पूर्वाग्रही व्यवहार गर्ने गरेका गुनासो पनि आउने गरेका छन्। राजनीतिक नेतृत्वमा जनस्तरबाट आउने गुनासो र सञ्चार माध्यममा आउने नकारात्मक समाचार हेरेर व्यवहारमा सुधार गर्ने प्रवृत्ति निकै कम छ। आफूबाट भएको गल्तीलाई स्विकार्दा पद नै छोड्नुपर्ला भन्ने भयले गर्दा गलत कामलाई पनि सही साबित गर्न खोज्ने परिपाटी व्याप्त छ।

नैतिकता मानवीय जीवनको आदर्श र शासन सञ्चालन विधिको मार्गदर्शन हो। राजनीति राज्यका सबै नीतिको मूल नीति हो। अग्रपंक्तिमा रहेर राजनीतिको प्रयोग र परिचालन राजनीतिक नेतृत्वले नै गर्ने भएकाले राजनीतिक नेतृत्वमा उच्च नैतिकता भएमा मात्र लोकतान्त्रिक मूल्य-मान्यता कायम गर्न सम्भव हुन्छ।

---

३ प्रश्न

कांग्रेस सहमहामन्त्री **बद्री पाण्डे**लाई



राष्ट्रिय सभा निर्वाचनलगत्तै 'समुदायमा कांग्रेस' अभियान लिएर जानुको सन्देश के हो ?

यो अभियान आकस्मिक नभई पूर्वनिर्धारित नै थियो। विभिन्न कारणले यसअघि हुन सकेको थिएन। राष्ट्रिय सभा निर्वाचनलगत्तै हामी 'ग्रासरुट'मा पुग्दै छौं। यसले जनस्तरका समस्या र समुदायमा कांग्रेसबारेका विचार बुझ्न मद्दत गर्छ। यसअघि पार्टीको विशेष आन्तरिक अभियानका रूपमा केन्द्रित भएर १५ दिने अभियानको तयारी थियो। तर, अब फरक रूपमा जनस्तरमा अन्तर्क्रिया गर्नेगरी समुदायमा जाँदै छौं। यसले जनस्तर र कांग्रेसजनको भावनालाई बुझ्न तथा पार्टी र सरकारको कामलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछ।

नीति अधिवेशनसमेत गर्ने गरी महासमिति बैठक हुँदै छ। यसमा अभियानको महत्त्व कस्तो रहन्छ ?

कांग्रेसको नीति बनाउने महासमिति बैठकका लागि अभियानबाट प्राप्त सुझाबले धेरै अर्थ राख्नेछ। हामी अभियान समाप्तिसँगै यसको प्रतिवेदन बनाउँछौं। आएका सुझाबलाई दस्ताबेजीकरण गरेर अधिवेशनका अंग बनाएर जानेछौं। नागरिक स्तरको वस्तुस्थितिलाई बुझेर प्रत्येक समुदाय र वर्गका भावनालाई समावेश गरेर जानेछौं।

यस अभियानमा कसरी परिचालित हुँदै छन् पार्टीका संरचना ?

हामीले ७७ वटै जिल्लामा केन्द्रका प्रतिनिधि पठाएका छौं। केन्द्रीय प्रतिनिधिले जिल्लासँग समन्वय गरेर पार्टीका सम्पूर्ण संगठन र भ्रातृ तथा शुभेच्छुक संस्थालाई समुदायमा परिचालन गर्नुहुनेछ। आवश्यकता हेरेर हामी एकै वडामा दुईभन्दा बढी कार्यक्रम बनाएर पनि ग्रासरुटसम्मै पुग्नेछौं। २६ माघमा अभियान सकिनेछ। अभियानलगत्तै तल्लो धरातल बुझेर र विभिन्न तहका सुझाब समेटेर नीति अधिवेशनतर्फ केन्द्रित हुनेछौं।

प्रेरक प्रसंग

बालापनको सरलता

महान् विचारक कन्फ्युसियस एकपटक आफ्ना शिष्यका साथमा लामो यात्रामा थिए। बाटोमा पर्ने कुनै एक गाउँमा पुगेपछि उनले त्यहाँ बसोवास गर्ने एउटा परिवारका एकजना निकै बुद्धिमान बालकबारे थाहा पाए। त्यसपछि कन्फ्युसियसले उनीसित भेटघाट गरे। भेटघाटका क्रममा कन्फ्युसियसले ती बालकलाई सोधे- संसारमा मानिसबीच निकै असमानता र भेदभाव छ। यसलाई हामी कसरी हटाउन सक्छौं ?



बालकले तुरुन्तै जवाफ दिए- यस्तो किन गर्नुपऱ्यो ? यसको के नै आवश्यकता छ र ? हामीले पर्वतलाई फुटाएर समथर बनाइदियौं भने चराचुरुंगी कहाँ बस्लान् ? हामीले नदी र सागरलाई पुरिदियौं भने माछा कसरी जीवित रहलान् ? विश्व यति विशाल र विस्तृत छ कि त्यसमाथि यी असमानता र विसंगतिको उसमाथि कुनै प्रभाव पर्नेछैन।

ती बुद्धिमान बालकको यस्तो जवाफ सुनेर कन्फ्युसियसका शिष्य निकै प्रभावित भए। उनीहरूले बालकको मुरीमुरी प्रशंसा गरे। तर, कन्फुयुसियसले गम्भीरतापूर्वक भने- मैले यस्ता निकै धेरै बालक देखेको छु, जो आफ्नो उमेर र क्षमताअनुसार खेलकुद र बालसुलभ गतिविधिमा मन लगाउनुको साटो संसार र संसारको गतिलाई बुझ्नतिर मन लगाउँछन्। मेरो अनुभवअनुसार तीमध्ये कुनै पनि प्रतिभावान् बालकले जीवनमा एउटै पनि महत्त्वपूर्ण काम गर्न सकेनन्। किनकि, उनीहरूले आफ्नो बालापनको सरलता, चञ्चलता र सहज अनुत्तरदायित्वको अनुभव नै गर्न पाएनन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स-साना प्याकिङमा ध्यान देऊ

नेपाली किसानले उत्पादन गरेको दूध डेरी उद्योगीले खरिद गरी प्रशोधनपछि बजारमा दूध तथा दुग्धजन्य पदार्थ ग्राहकसम्म पुऱ्याउँदै आएका छन्। वर्षौंदेखि यही एकोहोरो बिक्री-वितरण भइरहेका दूध तथा दुग्यजन्य पदार्थको प्याकेजिङमा भने कत्ति पनि नयाँपन ल्याउन सकिएको देखिन्न। बजारमा एकैनासको प्याकेजिङभन्दा त्यसमा भेराइटी ल्याएर ससाना प्याकेटमा समेत ल्याउन सके थोरै उपभोग गर्न चाहने उपभोक्तालाई पनि सहज हुने थियो। हाल बजारमा दूध तथा दुग्धजन्य पदार्थ फ्यामिली र होटेल प्याकेजिङ मात्र हुँदा दूध तथा दुग्धजन्य पदार्थका साना उपभोक्ताका लागि त्यो अनुपयुक्त देखिने गरेको छ। साना ग्राहकलाई लक्षित गरी ससाना प्याकेटमा पनि दुग्धजन्य पदार्थ ल्याउन सके बजार प्रवर्द्धनमा सघाउ नै पुग्नेछ। त्यसैले, बटर, दूध, चिजजस्ता दुग्धजन्य उत्पादनलाई ससाना र प्रयोग गर्न सहज हुने प्याकेजिङमा उपलब्ध गराइयोस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

स्वार्थले जन्माएको झगडा

त्रिभुवन विमानस्थलमा अध्यागमन कार्यालयका कर्मचारी र प्रहरीबीच कुटाकुट भएको समाचार सामान्य नै लाग्यो। यो सबै दुवै पक्षको स्वार्थमा भएको टकरावको परिणाम हो। दुवै पक्ष आफूले बढी कमाउनुपर्छ भन्ने सोचबाट विमानस्थल पुगेका छन्। एउटाको स्वार्थमा अर्कोले रोकावट गर्नासाथ त्यहाँ झडप हुनु अनौठो होइन। शुक्रबारको घटना पनि त्यही स्वार्थकै परिणाम हो।

● **गोकर्ण थापा**
सिनामंगल, काठमाडौं

किन पुग्दैन कोरम ?

कोरम नपुगेर संसद्को परराष्ट्र सम्बन्ध तथा पर्यटन समितिको बैठक बसे पनि कुनै निर्णय गर्न नसकेको समाचार पढ्दा दुःख लाग्यो। संसद् चलेको समयमा संसद्मा उपस्थित हुन र संसद् चले पनि या नचले पनि आफूसम्बद्ध संसदीय समितिका बैठकमा सहभागी भई छलफलमा साथ दिनुपर्ने सांसद नै गैरजिम्मेवार बनेपछि कसबाट चाहिँ जिम्मेवारी पूरा हुने अपेक्षा गर्नु खोइ ?

● **वन्दिता विश्वकर्मा**,
सामाखुसी, काठमाडौं

कानुनी सुधारको आवश्यकता

हाम्रो देशमा महिलामाथि हुने अपराधको तथ्यांक डरलाग्दो छ। दिनदिनै कतै न कतै कुनै न कुनै महिलामाथि अपराध भइरहेका खबर पढ्न वा सुन्न बाध्य हुनुपर्ने अवस्था छ। यसले गर्दा हाम्रो समाज आममहिलाका लागि असुरक्षित बन्दै गएको त होइन भन्ने प्रश्न उठ्न थालेको छ।

महिलामाथि हुने सबैभन्दा निकृष्ट अपराध भनेको जबर्जस्ती करणी वा सोपछि महिलाको कर्तव्य गरी हत्या गर्नु हो। यस्ता जघन्य अपराधले गर्दा माहिलाको सुरक्षाका लागि कठोर प्रकृतिका कानुन बनाइएका छन् र थप संशोधनका लागि बहस पनि हुँदै छन्। यस्तो वेला महिलाले अनुचित लाभ लिने नियतले निर्दोष व्यक्तिलाई फसाई पैसा वा अन्य सुविधा असुल्ने दुस्साहस पनि बढ्दै गएको देखिन्छ। महिलाका लागि बनाइएका कानुनको यसरी धज्जी उडाउन थालियो भने वास्तविक पीडितको जीवन झनै कष्टकर बन्दै जानेछ। त्यस्ता अपराधका वास्तविक पीडितलाई समेत समाजले उल्टै दोष लगाउने, चरित्रहत्या गर्नेजस्ता सम्भावना बढ्न सक्छ।

त्यसैले, वास्तविक पीडितको न्यायमाथिको पहुँच तथा समाजमा पुनर्स्थापना गर्ने सशक्त कानुन निर्माणसँगै आफ्नै सुरक्षाका लागि बनेका कानुनको आडमा अनुचित लाभ लिने महिलामाथि पनि कडा कारबाही गर्ने कानुन ल्याउनुपर्ने भएको छ।

● **आवेशभद्र कर्ण**, कोटेश्वर, काठमाडौं
aaweshkarn@yahoo.com

के एएफडीमाथि प्रतिबन्ध लगाउनु ठीक हो ?

देशको दोस्रो लोकप्रिय पार्टीमाथि प्रतिबन्ध लगाउनुले लोकरिझ्याइँवादविरुद्धको कानुनी लडाइँ निष्प्रभावी भई समस्यालाई थप बल्झाउँछ



देश / विदेश

● मिसेल ब्रोनिङ

जर्मनीको उग्र-दक्षिणपन्थी अल्टरनेटिभ फर ड्युसल्यान्ड (एएफडी) पार्टीका नेताले गत नोभेम्बरमा उग्र-दक्षिणपन्थी कार्यकर्तासँग 'पुनराप्रवासन' योजना लागू गर्न छलफल गरेको खुल्न आएको छ। स्मरण रहोस्, उग्र-दक्षिणपन्थी वृत्तमाझ चर्चित 'पुनराप्रवासन' योजनाको उद्देश्य जर्मनीमा रहेका आप्रवासीलाई लखेट्नु हो। यो खुलासाले एएफडीमाथि प्रतिबन्ध लगाउने बहस उत्साहप्रद ढंगले सतहमा आएको छ।

उग्र-दक्षिणपन्थी कार्यकर्तासँग एएफडीको गोप्य बैठक पोट्सड्यामनजिकको लेकसाइड होटेलमा भएको थियो, जहाँ यदि उग्र-दक्षिणपन्थी समूह सत्तामा आए गैरजर्मन जातिका मानिसलाई मुलुकबाट लखेट्ने योजना बनेको थियो। यो डरलाग्दो संवादबाट सचेत सबै राजनीतिक समूहका नेता, सार्वजनिक बौद्धिक र प्रभावशाली मिडिया टिप्पणीकारले जर्मनीको लोकतन्त्र जोगाउन एएफडीमाथि प्रतिबन्ध लगाउनुपर्ने तर्क गरेका थिए। एएफडीमाथि प्रतिबन्ध लगाउनुपर्ने माग अहिले जोडतोडसाथ आउनु भनेको यसको बढ्दो लोकप्रिय समर्थन हो। र, त्यसमाथि एएफडीको बलियो पकड भएको जर्मनीका तीन पूर्वी राज्यमा यो वर्ष चुनाव हुन गइरहेकाले पनि एएफडीमाथि प्रतिबन्धको माग बढिरहेको छ। अनुदान कटौतीको विरोध गर्दै भएको किसान आन्दोलनलाई हालै एएफडीले पूर्ण समर्थन गर्ने जनाएको छ। समर्थनले गम्भीर परिस्थितिलाई एएफडीले दुरुपयोग गरेर राजनीतिक लाभ लिन सक्नेमा धेरैले चासो राखेका छन्।

अहिले करिब आधा जर्मन नागरिक एएफडीमाथि प्रतिबन्ध लगाउनुपर्ने माग गरिरहेका छन्। हालैका दिनमा लाखौं जर्मन नागरिकले एएफडीलाई प्रतिबन्ध लगाउनुपर्छ भनेर सडकमा विरोध प्रदर्शन गरेका छन्। यसबाहेक करिब १५ लाख मानिसले सरकारलाई थुरिंगिया राज्यका एएफडीका कुख्यात नेता जोर्न होकको नागरिक एवं राजनीतिक अधिकार खोस्न माग गर्दै अनलाइन याचिका दर्ज गरेका छन्। विश्वयुद्धपछि यस्तो माग यसअघि कहिल्यै गरिएको थिएन। तर, देशको दोस्रो लोकप्रिय पार्टीमाथि प्रतिबन्ध लगाउनुले लोकतान्त्रिकतामाथि प्रश्न उठ्छ। यति मात्र नभई प्रतिबन्ध लाग्दा यसका सम्भावित नकारात्मक परिणाम पनि निम्तिन सक्छ।

सोझो भाषामा भन्ने हो भने राजनीतिक समूहमाथि प्रतिबन्ध लगाउने प्रक्रियाले लोकतन्त्रको अवमूल्यन गर्छ वा लोकतन्त्रलाई सामाप्त पार्छ। संघीय सरकार, संघीय संसद् वा जर्मनीका राज्यको प्रतिनिधित्व गर्ने जर्मनीको दोस्रो सदन बुन्डेसचाटबाट यदि औपचारिक आह्वान हुन्छ भने मात्रै संवैधानिक अदालतले राजनीतिक दलमाथि प्रतिबन्ध लगाउन सक्छ। तर, संवैधानिक अदालतले राजनीतिक बन्देजका लागि ठूलो मानक तोकेको छ। यसलाई यसअघिका फैसलाले पनि पुष्टि गर्छ। यसअघि सन् २०१७ मा नश्लभेदी र गैरलोकतान्त्रिक एजेन्डा बोकेको नव-नाजी पार्टी नेसनल डेमोक्र्याटिक पार्टी (एनपिडी) माथि प्रतिबन्ध लगाउनुपर्छ भन्ने याचिकालाई संवैधानिक अदालतले खारेज गरेको थियो। वास्तवमा अदालतले पार्टी खारेज गर्ने फैसला सन् १९५६ मा मात्रै गरेको छ र त्यतिवेला शीतयुद्ध चरम अवस्थामा थियो। त्यतिवेला अदालतले कम्युनिस्ट पार्टी अफ जर्मनी (केपिडी) माथि प्रतिबन्ध लगाएको थियो।

यो नजिरलाई हेर्दा एएफडीविरुद्ध अदालती मुद्दा दायर गरिन्छ भने त्यो औपचारिकतामा मात्रै सीमित हुनेछ। अझै भन्ने हो भने मुद्दा एक राजनीतिक तमासा मात्रै बन्नेछ। एएफडीको लोकप्रियतालाई हेर्दा यो पार्टीलाई



तस्बिर : मर्यम मजद/गेटी इमेजेस

प्रतिबन्ध लगाउने माग अदालतमा जान्छ भने स्थापित पार्टीले बलियो प्रतिद्वन्द्वीलाई हटाउने रणनीतिका रूपमा बुझ्निनेछ। अन्ततः उग्र-दक्षिणपन्थीले भन्ने गरेको व्यवस्था खत्तम छ भन्ने भाष्य बलियो बन्ने छ। यदि प्रतिबन्ध लगाउने प्रयास असफल भयो भने एएफडी थप बलियो हुनेछ। त्यसमाथि संवैधानिक अदालतको फैसला आउन लामो समय लाग्छ। नेसनल डेमोक्र्याटिक पार्टी (एनपिडी) विरुद्धको याचिकामा फैसला आउन तीन वर्ष लागेको थियो। फैसला आउने समयसम्म चुनावी लहर सकिइसकेको थियो। एएफडीलाई प्रतिबन्ध लगाउँदा भविष्यमा लाभ हुनेछ भनेर सोच्नेले नकारात्मक असर तुरुन्तै देखिनेछ भनेर थाहा पाउन जरुरी छ। कानुनी कारबाहीको बहसले समेत एएफडीलाई आफूलाई पीडित देखाउने मौका मिल्नेछ। नतिजा एएफडीलाई थप राजनीतिक लाभ मिल्नेछ।

कथंकदाचित एएफडीमाथि प्रतिबन्ध नै लाग्यो भने पनि पार्टी पो अस्तित्वमा हुन्न तर यसका समर्थक र यसले व्यक्त गर्ने चासो त अस्तित्वमा रहन्छ नै। एएफडीका सदस्यलाई नयाँ पार्टी खोल्नबाट कसैले रोक्न सक्दैन। लोकरिझ्याइँवादविरुद्धको कानुनी लडाइँ निष्प्रभावी हुन्छ, सम्भवतः यसले समस्यालाई थप बल्झाउँछ। उग्र-दक्षिणपन्थीबाट आउने चुनौतीलाई राजनीतिक रूपमा सामना गर्नुपर्छ। असन्तुष्टिको मूल कारणलाई सम्बोधन गर्नुपर्छ। यी समस्यामा उच्च ऊर्जा मूल्य, स्थिर आर्थिक वृद्धि, लगातार उच्च स्तरको आन्तरिक आप्रवासन र नयाँ आप्रवासन समावेश छन्।

निःसन्देह उदार लोकतन्त्र चनाखो हुनुपर्छ। एक उदार लोकतन्त्र चाहे अदालत होस् वा निर्वाचनबाट लडिने लडाइँ, पछि हट्नु हुन्न। तर, राजनीतिक प्रतिद्वन्द्वीलाई प्रतिबन्ध लगाउने प्रयास गर्नु भनेको असन्तुष्ट मतदातासँग आफ्ना गुनासा सुनाउने सही क्षमता छ भन्ने तथ्यलाई सामना गर्न इन्कार गर्नु जस्तै हो। लोकतान्त्रिक स्वतन्त्रतामा अंकुश लगाएर लोकतान्त्रिक मूल्य-मान्यताको रक्ष

यौन दुर्व्यवहार कसुरमा ट्रम्पलाई आठ करोड ३३ लाख डलर जरिवाना

न्युयोर्क/ न्युयोर्कको एक अदालतले अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई लेखक ई जिन क्यारोललाई क्षतिपूर्तिबापत आठ करोड ३३ लाख अमेरिकी डलर तिर्न आदेश दिएको छ। मानहानिसम्बन्धी मुद्दाको सुनुवाइ गरेको अदालतले भावना र प्रतिष्ठामा पुऱ्याएको क्षतिका लागि एक करोड ८३ लाख अमेरिकी डलर क्षतिपूर्ति र दण्डनीय क्षतिका लागि अर्को ६ करोड ५० लाख डलर तिर्नुपर्ने आदेश दिएको हो। झन्डै तीन घन्टा लामो सुनुवाइपछि अदालतले फैसला सुनाएको हो। ट्रम्पले फैसलालाई 'हास्यास्पद' भन्दै अपिल गर्ने बताएका छन्। यस मुद्दामा सुरुमा अदालतमा उपस्थित भएका ट्रम्पले मुद्दाबारे आक्रामक धारणा सार्वजनिक गरेका थिए। तथापि, अन्तिम बहसका लागि अदालती सुनुवाइमा सहभागी भएका थिए। क्षतिपूर्ति र दण्डात्मक क्षतिको स्तर अदालतका कारिन्दाले पढ्दा उनी अदालतभन्दा बाहिरै थिए। फैसलाको क्यारोललले स्वागत गरेकी छिन्। फैसलापछि क्यारोललले भनेकी छिन्, 'यो हरेक महिलाका लागि ठूलो जित हो। महिलालाई तल झार्ने कोसिस गर्ने हरेक धम्कीविरुद्धको यो ठूलो हार हो।' क्यारोललले आफूविरुद्ध यौन दुर्व्यवहार भएको कुरालाई ट्रम्पले झुट बोलेको भनेपछि त्यसले आफ्नो प्रतिष्ठामा असर गरेको बताइन्। ट्रम्पका समर्थकबाट व्यापक रूपमा हत्याको धम्की आएको उनले तर्क गरिन्। क्यारोललले सन् १९९० को दशकमा पूर्वराष्ट्रपतिले आफूलाई एक डिपार्टमेन्ट स्टोरमा यौनहिंसा गरेको बताएकी थिइन्।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया ग्रोथ फण्ड २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त
२०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्षे योजना

२०८० पौष मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	२०७,२५७,९८०	-
२	ऋणपत्र	-	-
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	३,८७८,७५०	-
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१२५,०००,०००	-
	कुल लगानी (क)	**३३६,१३६,७३०**	-
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	५५१,५४९,०८३	-
२	अन्य सम्पति	१७,५६१,६०८	-
	जम्मा (ख)	**५६५,११०,६५१**	-
	चालु दायित्व		
१	चालु दायित्व	२६७,६९५	-
२	भुक्तानी दिनुपर्ने शुल्क	५०८,८१५	-
	जम्मा (ग)	**७७६,५०५**	-
	कुल सम्पति (क+ख-ग)	**५०४,४७०,५९२**	-
१	योजना व्यवस्थापक शुल्क	१,०७७,९३१	-
२	डिपोजीटरी शुल्क	१४३,७२४	-
३	कोष सुपरीवेक्षक शुल्क	७१,८६२	-
	खुद सम्पति	**५०३,१७७,३५४**	-
	जम्मा जारी इकाई संख्या	९०,५००,०००	-
	प्रति इकाई खुद सम्पति मूल्य	**५.५८**	-

२०८० पौष मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	२,२४५,०१२	-
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(१,७२०,७१९)	-
	जम्मा आम्दानी	**५२४,२९२**	-
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१६,१४३	-
२	बैंक शुल्क	१०	-
३	योजना व्यवस्थापन शुल्क	१,३०९,०१०	-
४	डिपोजीटरी शुल्क	१७३,४६८	-
५	कोष सुपरीवेक्षक शुल्क	८६,७३४	-
६	बुक बिल्डिङ शुल्क	१३,४२०	-
७	पूर्व सन्चालन खर्च	७५६,१९३	-
	जम्मा खर्च	**२,३४६,८९८**	-
	कुल नाफा/(नोक्सान)	**(१,८२२,६०६)**	-

नोट:
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० पौष मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत) रु.२१३,५८७,२६७.६३ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मुल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट: www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमाजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	१८,४९७	३,७२७,१४६
२	ग्लोबल आइएमई बैंक लिमिटेड	१९,८९३	४,०७८,०६५
३	प्राइम कमर्सियल बैंक लिमिटेड	३०,४९६	६,१९०,६८८
४	सानिमा बैंक लिमिटेड	३०,४९९	७,८६८,७४२
५	प्रभु बैंक लिमिटेड	३०,९९६	५,१०८,१४१
६	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	२८,६०१	५,०२५,१९६
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	२१,४९५	८,२९७,०७०
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	१९,५००	७,४९७,७५०
३	शाइन रेसुन्गा डेभलपमेण्ट बैंक लिमिटेड	२६,५००	१०,५४७,०००
४	लुम्बिनी विकास बैंक लिमिटेड	१४,५००	५,८४३,५००
	ग) हाइड्रोपावर कम्पनी		
१	सानिमा माई हाइड्रोपावर लिमिटेड	५,०००	१,८६९,०००
	घ) लघुवित्त		
१	फ्लिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१५,७७७	१३,७५७,५४४
२	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	९,८९२	८,७६३,३२३
३	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१५,०००	९,९७५,०००
	ङ) जीवन विमा कम्पनी		
१	नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१९,९२१	१२,०१०,३७१
२	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,६९२	४,१११,३१६
३	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५,०००	२,७७५,०००
४	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	२०,०००	८,४६०,०००
५	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	५,०००	२,८३०,०००
६	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,०००	४,६१२,०००
७	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१९,५००	१३,२६०,०००
८	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,०००	१,०८०,०००
	च) निर्जीवन विमा कम्पनी		
१	नेको इन्स्योरेन्स लिमिटेड	१४,५९१	१२,३००,२१३
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	१४,४७७	१०,९३०,७३८
३	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१६,२२३	१५,०७८,०९०
४	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१४,४०९	१२,१६१,१९६
	छ) अन्य		
१	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१०,१०२	९,१००,८९२
	जम्मा	**४४४,५७१**	**२०७,२५७,४८०**

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-१-५१११७७/७८/८८, फ्याक्सः ९७७-१-५१११७८०
टोल फ्री नं. : १६६०-०१-७७७०१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५७०९९४, फ्याक्सः ९७७-१-५७०६४८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

प्रभु बैंक लिमिटेड शाखा कार्यालय, अमुवा रुपन्देहीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/१४ गते आइतबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका)

यस बैंक(सावीक सेन्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, अमुवा रुपन्देही**मा दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/११/२७ गते आईतबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, अमुवा रुपन्देही**मा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी, तथा जमानतकर्ताको तिन पुस्ते विवरण :

१. ऋणी : रिता के.सी. (ना.प्र.नं. ९४०९ जारी मिति २०५६/०५/३१ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : बुटवल उ.म.न.पा. वडा नं. ११, रुपन्देही। पत्राचार : बुटवल उ.म.न.पा. वडा नं. ११, रुपन्देही। बाबु/ससुरा : रिख बहादुर खडका/मेक बहादुर खत्री। पति : प्रोमोद क्षेत्री।	**जमानतकर्ता : प्रोमोद क्षेत्री** (ना.प्र.नः ३७-०२-७५-०७६३२ जारी मिति २०७५/११/०१ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : बुटवल उ.म.न.पा. वडा नं. ११, रुपन्देही। पत्राचार : बुटवल उ.म.न.पा. वडा नं. ११, रुपन्देही। बाबु : मेक बहादुर खत्री। बाजे : टेक बहादुर खत्री।
लिलाम बिक्री हुने सम्पत्तिको विवरण : १. रिता के.सी को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ठा कायम रहेको रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ११, नक्सा सिट नं. ९/क, स्थित कित्ता नं. ६४७२ को क्षेत्रफल ०-०-४$^{३}/_{४}$ (विगाह) को घरजग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
२. ऋणी : टीकाराम चौधरी थारु (ना.प्र.नं: ६/२/१९२७ बुटवल, जारी मिति २०४६/११/१२, प्रतिलिपि जारी मिति २०७५/०२/२३ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : सियारी गा पा वडा नं. ७ रुपन्देही। बाबु : टेक नारायण चौधरी थारु। बाजे : जगलाल थारु।	**जमानतकर्ता : गुलइची थारु** (ना.प्र.नः ३७१०३३/२०२६९ जारी मिति २०६७/११/१२ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : सियारी गा.पा. वडा नं. ७, रुपन्देही। साबिक प.अमवा वडा नं. ४, रुपन्देही। बाबु/ससुरा : चिन्नु थारु/ टेक नारायण चौधरी थारु पति : टीकाराम चौधरी थारु।
लिलाम बिक्री हुने सम्पत्तिको विवरण : टीकाराम चौधरी थारुको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ठा कायम रहेको रुपन्देही जिल्ला आ. अमवा वडा नं. ४, नक्सा सिट नं. ४ ख- प. अमवा, स्थित कित्ता नं. १९ को क्षेत्रफल ०,०१५९.५० वर्ग मिटरको घरजग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय, अमुवा रुपन्देही**बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, अमुवा रुपन्देही**मा सम्पर्क राख्न सकिनेछ।

prabhu BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-७७७०१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैंकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ ख (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०८९ र २८७ को क्षेत्रफल क्रमशः०-२-१५-२ र ०-६-१०-० (विगाह) को घरजग्गा।
२.	यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ ख (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४४७ को क्षेत्रफल ०-०-३-२ (विगाह) को जग्गा।
३.	यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मी) को घरजग्गा।
४.	यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६८६ र २३८ को क्षेत्रफल क्रमशः ०-१२-१२-० र ०-३-३-० (विगाह) को जग्गा।
५.	यस बैंकको नाममा मालपोत कार्यालय राजापुर, बर्दियाको लगतमा दर्ता कायम रहेका बर्दिया जिल्ला, नयाँगाउँ गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ५५ र ५६ को क्षेत्रफल क्रमशः १-१२-०-० र ४-३-१०-० (विगाह) को जग्गा।
६.	यस बैंकको नाममा मालपोत कार्यालय गुल्मीको लगतमा दर्ता कायम रहेको गुल्मी जिल्ला, तम्घास गा.वि.स. वडा नं. ५ (हाल रेसुङ्गा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ५४१ र १३९ को क्षेत्रफल क्रमशः १५५.०१ र ८०८.८२ (व.मी) को जग्गा।
७.	यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ६ ङ (हाल धनगाढीमाई न.पा. वडा नं. ८) स्थित कित्ता नं. १०६८, ८३८, १०६९, १०७०, ८३९, १०६५, १०६४ र १०६३ को क्षेत्रफल क्रमशः ०-५-१५.५-०, ०-३-०-०, ०-५-१५.५-०, ०-०-१६-०, ०-१०-१२-०, ०-४-१५.७५-०, ०-५-०-० र ०-५-०-० (विगाह) को जग्गा।
८.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, अर्घौ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा।
९.	यस बैंकको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५, ६ र ७ को क्षेत्रफल क्रमशः ०-३-१२, ०-३-५ र ०-५-१० (विगाह) को जग्गा।
११.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लागतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १२३३ (व.मि.) को घरजग्गा।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. ७) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमशः०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
१४.	यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बग्रही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा।
१५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सोनापुर गा.वि.स. वडा नं. ४ ख (हाल दुहवी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-५-०-० (विघा) को जग्गा।



लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत ज्ञानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तो केको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० पौष मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	२०८० पौष मसान्त रकम (रु.)	२०८० मंसिर मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
१	सूचीकृत शेयर	१,६७३,९८३,७०९	१,५६९,७७०,०७८
२	बैंक मुद्दती निक्षेप	४२५,०००,०००	४१५,०००,०००
३	ऋणपत्र /बन्ड	१६३,९२६,४१८	१६०,५५५,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	१८१,९२४,९९१	१९५,०९९,७९०
	जम्मा	**२,४४४,८३५,११८**	**२,३४०,४२५,२८६**
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	४९०,७९८,७०१	४८५,७९६,७९१
२	अन्य सम्पत्ति	१११,१३८,२०१	१६,६९०,०३९
	जम्मा	**६०१,४३६,४०२**	**५०२,४८६,८३०**
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	१३,६९६,७५१	३८,२१४,७०८
	जम्मा	**१३,६९६,७५१**	**३८,२१४,७०८**
	खुद सम्पत्ति (ग्रस)	**३,०३३,०७५,२६५**	**२,८७४,६४७,४०८**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	९,४१७,१८४	६,३०४,४१३
	कोष सुपरिवेक्षक शुल्क	७७९,३५३	५२१,७४५
	खुद सम्पत्ति	**३,०२२,८७८,७३०**	**२,७६७,८७१,२५०**
	जम्मा इकाई	२९१,४३४,३१४	२७७,१४६,७६१
	प्रति इकाई खुद मूल्य	**१०.३७**	**१०.१०**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० पौष मसान्त रकम (रु.)	२०८० मंसिर मसान्त रकम (रु.)
१	प्राप्त भइसकेको आम्दानी	६६,५६५,५५८	४७,२२५,६२०
२	प्राप्त भइनसकेको आम्दानी	११,९८०,७०५	(५१,३२७,३९०)
	जम्मा आम्दानी	**७८,५४६,२६३**	**(४,१०१,७७०)**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	१,४९१,२५७	१,४५२,०४३
२	योजना लेखापरीक्षण शुल्क	५६,३४५	४७,३६७
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१७,३५६,९२४	१४,२४४,१५१
४	कोष सुपरिवेक्षक शुल्क	१,४३६,४३५	१,१७८,८२७
	जम्मा खर्च	**२०,३४०,५६१**	**१६,८२२,३८८**
	कुल आय/(व्यय)	**५८,२०५,३०२**	**(२१,०२४,१५८)**

नोट:
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ।
- योजनाको २०८० पौष मसान्तसम्मको सूचिकृत तथ

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १४ माघ ०८०

ठूला नौ सहकारी अनुगमन गर्न राष्ट्र बैंकलाई सिफारिस

मुना कुँवर/नयाँ पत्रिका

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ठूला नौ सहकारीको अनुगमन निरीक्षणका लागि राष्ट्र बैंकलाई सिफारिस गरेको छ। सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदन, २०८० को सुझावअनुसार मन्त्रालयले केही ठूला सहकारीको अनुगमनका लागि बैंकलाई आग्रह गरेको हो।

मन्त्रालयका अनुसार लालीगुराँस बहुउद्देश्यीय सहकारी पुल्चोक, गोर्खा सेभिङ एन्ड क्रेडिट ललितपुर, आइडियल यमुना हाम्रो बहुउद्देश्यीय काठमाडौं, कान्तिपुर बचत तथा ऋण सहकारी संस्था काठमाडौं, गौतम श्री बहुउद्देश्यीय काठमाडौं, राष्ट्रिय सहकारी बैंक पुल्चोक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संस्था काठमाडौं, शुभरत्न बचत तथा ऋण सहकारी संस्था काठमाडौं र नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ ललितपुरको अनुगमन गर्न मन्त्रालयले राष्ट्र बैंकलाई आग्रह गरेको हो।

पछिल्लो समयमा सहकारीहरू समस्यामा पर्न थालेपछि सरकारले गत वैशाखमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल गठन गरेको थियो। कार्यदलले १३ वटा तत्कालीन सुझाव, १३ वटा अल्पकालीन र ३३ वटा दीर्घकालीन सुझाव दिएको थियो। कार्यदलले दिएको सुझावअनुसार मन्त्रालयले नियमनका लागि राष्ट्र बैंकलाई आग्रह गरेको मन्त्रालयले जनाएको छ। सहकारी ऐन, २०७४ अनुसार ५० करोड रुपैयाँभन्दा माथि पुँजी भएका सहकारीको नियमन राष्ट्र बैंकले गर्नुपर्ने व्यवस्था छ। तर, केन्द्रीय बैंकले सहकारी आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भन्दै पन्छिँदै आएको छ।

ऐनको दफा ९५ मा नेपाल राष्ट्र बैंकले जुनसुकै बखत सहकारी बैंक वा तोकिएभन्दा बढी आर्थिक कारोबार गर्ने सहकारी संस्थाको हिसाबकिताब वा वित्तीय कारोबारको निरीक्षण वा जाँच गर्न-गराउन सक्नेछ।

■ बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्न ६० करोड माग

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बचत तथा कर्जा सुरक्षण कोषको स्थापनाका लागि अर्थ मन्त्रालयसँग ६० करोड रुपैयाँ माग गरेको छ। सहकारी ऐन, २०७४ ले अनिवार्य रूपमा स्थापना गर्नुपर्ने कोषको व्यवस्था अझै भएको छैन। सरकारले गठन गरेको सुझाव कार्यदलले समेत बचतकर्ताको बचत सुनिश्चितताका लागि बचत तथा कर्जा सुरक्षण कोषको स्थापना गर्नुपर्ने आवश्यकता औंल्याएको छ। कार्यदलको सुझावअनुरूप कोष स्थापनाको कार्य अगाडि बढाइएको सचिव गोकर्णमणि दुवाडीले बताए। यसका लागि मन्त्रालयले अर्थ मन्त्रालयसँग सहमति लिएको छ। सरकारले आगामी आवको बजेट तथा कार्यक्रममा कोषको स्थापनाको बुँदालाई पनि समेट्न सहमति भएको छ।

त्यस्तै, कर्जा असुली न्यायाधिकरणको स्थापनाका लागि अर्थ मन्त्रालयको सहमति मागिएको पनि उनले बताए। ठूला बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमनका लागि दोस्रो तहको नियमनकारी निकायको स्थापनका लागि अवधारणापत्र तयार गरी कानुनी व्यवस्थाको प्रारम्भिक मस्यौदाको तयारी गरिएको समेत उनले बताए।

सहकारी नियमनका लागि ऐनमा राम्रो व्यवस्था भए पनि कार्यान्वयन नगर्दा सहकारी क्षेत्र जोखिममा परेको सांसद स्वर्णिम वाग्लेले बताए। 'सहकारी ऐन, २०७४ मा सहकारी क्षेत्रको नियमनका केही राम्रा व्यवस्था पनि छन्। तर, त्यसको कार्यान्वयन भएको छैन,' उनले भने। तसर्थ, आगामी तीन वर्षका लागि ठूला सहकारीको नियमको काम राष्ट्र बैंकले गर्नुपर्छ।

सहकारी ऐन संशोधनको तयारीमा

सहकारी मन्त्रालयले सहकारी ऐन, २०७४ संशोधनको तयारी गरेको छ। ऐनमा कमजोर व्यवस्था गरिएकै कारण सहकारी संस्था धराशायी भएको भन्दै मन्त्रालयले ऐन संशोधनको तयारी गरेको हो। यस्तै, सहकारी संघ-संस्थाको सम्पत्ति र दायित्वलगायतका संस्थाको वास्तविक अवस्था झल्काउने गरी श्वेतपत्र जारी गर्न सहकारी विभागले निर्देशन दिएको छ। सहकारी संस्थाका सञ्चालक तथा पदाधिकारी एवं व्यवस्थापन तहका सम्पत्ति विवरण पेस गर्न सहकारी विभागले निर्देशन जारी गरेको मन्त्रालयका सचिव दुवाडीले बताए।

सिस्नेखोला–नागढुंगा सुरुङमार्ग 'ब्रेक थ्रु' गर्ने २३ फागुनको साइत



भौतिक मन्त्रालयका सचिव **केशवकुमार शर्मा** भन्छन्- कोरोनालगायत कारणले ठेक्का अवधिमै आयोजना बन्न सकेन। तर, अन्य ठूला आयोजनाको तुलनामा यसको निर्माण कार्य द्रुत गतिमै भएको छ। यसलाई सकारात्मक रूपमा लिनुपर्छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सिस्नेखोला-नागढुंगा सुरुङमार्गको मुख्य टनेल आगामी २३ फागुन (६ मार्च)मा 'ब्रेक थ्रु' गरिने भएको छ। आयोजनाको दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेल २२ साउनमा 'ब्रेक थ्रु' भइसकेको छ। दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग भने २३ फागुनमा ब्रेक थ्रु गर्ने तयारी गरिएको हो।

शुक्रबारसम्मको प्रगतिअनुसार मुख्य टनेलमा अब ४५.६ मिटर खण्ड मात्रै खन्न बाँकी छ। दैनिक औसत चार-पाँच मिटरसम्म सुरुङ खन्न सकिन्छ। त्योअनुसार लगातार काम गरेमा दुई हप्तामै सुरुङमार्ग ब्रेक थ्रु गर्न सकिन्छ। तर, साइत हेराउँदा २३ फागुनमा सुरुङमार्ग 'ब्रेक थ्रु' गर्न उपयुक्त हुने देखिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक अधिकारीले जानकारी दिए।

सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले नेपाल सरकार र जापानका उच्च अधिकारीहरूको उपस्थितिमा सुरुङमार्गको ब्रेक थ्रु गरिने बताए। ब्रेक थ्रु समारोहमा भौतिक पूर्वाधारमन्त्री, नेपालका लागि जापानी राजदूतलगायतका उच्च व्यक्तित्वहरू उपस्थित गराउने योजना छ। रेस्क्यु टनेलको ब्रेक थ्रु भने भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले गरेका थिए।

ठेक्का प्राप्त गरेपछि जापानी निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले डिसेम्बर ०२० (पुस ०७७) देखि सुरुङ खन्न सुरु गरेको थियो। त्यसको तीन वर्षपछि मुख्य ब्रेक थ्रु हुन लागेको मुख्य टनेलको ब्यास ९.५ मिटर रहेको छ, जहाँ दुई लेन सडक हुनेछ। यसको उचाइ भने ८.३ मिटरको रहेको छ। रेस्क्यु टनेलको ब्यास भने ४.५ मिटर हुनेछ, जहाँ सिंगल लेन सडक हुनेछ।

मुख्य टनेलमा मात्रै सवारीसाधन आवतजावत गर्न पाउनेछन्। मुख्य टनेलमा हुन सक्ने दुर्घटनाको उद्धार गर्न रेस्क्यु टनेल बनाइएको हो। जहाँ सुरक्षाकर्मीको गाडी, एम्बुलेन्स, वारुण यन्त्रजस्ता सवारीसाधन जान पाउनेछन्। बीच-बीचमा क्रस प्यासेज बनाएर मुख्य र रेस्क्यु टनेललाई जोडिएको छ।

दुईपाङ्ग्रे (मोटरबाइकलगायत), पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्रक र ठूला आकारका गाडीबाहेक सबै प्रकारका सवारीसाधनलाई टनेलमा खुला गरिनेछ। यद्यपि, त्यसका लागि शुल्क भने तिर्नुपर्नेछ, त्यस्तो शुल्क निर्धारण गर्न अहिले आवश्यक अध्ययन भइरहेको छ।

■ सुरुङमार्ग सञ्चालनमा आउन थप एक वर्ष लाग्ने



परियोजना सञ्चालनमा आउन भने थप एक वर्ष समय लाग्ने आयोजनाका परामर्शदाता रमेश कोइरालाले बताए। 'यसमा सुरुङमार्ग ब्रेक थ्रु गरेर हुँदैन, भित्रको सडक ढलान गर्नुपर्ने हुन्छ। यसैगरी, सुरुङमार्गभित्र अक्सिजनको मात्रा मिलाउने, कन्ट्रोल सिस्टम बनाउने, टेलिफोन जडान गर्ने, रेस्क्यु सेन्टर बनाउने, लाइट जडान गर्ने, तापक्रम मिलाउनेलगायतका काम गर्नुपर्छ,' उनले भने, 'सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि पनि सुरुङलाई सञ्चालनका लागि योग्य (स्टेबल) बनाउन थप न्यूनतम ६ महिना समय पर्खनुपर्छ।' यसका अलावा आयोजनाअन्तर्गतको फ्लाई ओभर बनाउने काम पनि बाँकी छ। त्यो सुरुङमार्ग अगाडि नै बनाउन सकिन्छ। यस्ता काम सम्पन्न गर्न थप एक वर्ष समय लाग्ने परामर्शदाता कोइरालाले बताए। 'आगामी मार्चमा ब्रेक थ्रु हुँदा २०२५ को मार्चसम्ममा परियोजना सञ्चालनमा ल्याउन सकिन्छ,' उनले भने। परियोजना तयार भएपछि केही महिना जापानलाई सञ्चालन गर्न प्रस्ताव पनि गरिएको छ। 'नेपालमा सुरुङमार्ग सञ्चालन गर्ने प्राविधिक जनशक्ति छैन, त्यो प्रकारको ज्ञान पनि हामीसँग छैन,' महानिर्देशक ढकालले भने, 'त्यसैले हामीलाई तालिम दिने गरी केही महिना जापानलाई सुरुङमार्ग सञ्चालन गर्न अनौपचारिक प्रस्ताव गरेका छौं। आवश्यक ज्ञान र सीप हासिल गरेपछि नेपालले नै यो सञ्चालन गर्छौं।' यदि, यहीबीचमा आवश्यक तालिम प्राप्त भएमा सुरुदेखि नेपालले सुरुङमार्ग सञ्चालन गर्ने उनले बताए।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

समग्र भौतिक प्रगति कति ?

आयोजना कार्यालयको तथ्यांकअनुसार सुरुङ खन्नेतर्फ ९९ प्रतिशत काम सकिएको छ। रेस्क्यु टनेलसँगै १२६ मिटरका वर्किङ अडिट र एक सय २८ मिटरको क्रस प्यासेज खन्ने काम सकिएको छ। अब ४५.६ मिटरबराबरको मात्रै मुख्य टनेल खन्न बाँकी छ।

हालसम्म आयोजनाको भौतिक प्रगति ६१.१५ प्रतिशत पुगेको छ। वित्तीय प्रगति भने ६३.९६ प्रतिशत पुगेको तथ्यांकमा उल्लेख छ। परियोजनाका ११ वटा संरचना तयार भइसकेका छन्। आयोजनामा बन्ने १२ संरचनामध्ये तीन अन्डरपास र चार बक्स कल्भर्ट (माथि गाडी गुड्ने तल पानी बग्ने संरचना)को निर्माण सकिएको छ। यसैगरी, एक ओभरपास, तीनवटा पुलको निर्माण पनि सम्पन्न भइसकेको छ। फ्लाई ओभर भने निर्माणको चरणमा छ।

तर, अप्रिलसम्म मात्रै म्याद

सरकारसँग भएको सम्झौताअनुसार कम्पनीले अप्रिल ०२३ सम्म काम सक्नुपर्ने थियो। तर, कोरोनालगायतका कारण काम नभएपछि ठेक्काको म्याद दुईपटक थप गरेर २५ अप्रिल ०२४ सम्म पुऱ्याइएको छ। यो म्याद सकिन अब तीन महिना मात्रै बाँकी छ, जुन अवधिमा काम सकिने सम्भावना न्यून छ। कम्पनीबाट प्रस्ताव आएमा म्याद थप गर्न सकिने विभागका महानिर्देशक ढकालले बताए।

यद्यपि, अन्य आयोजनाको तुलनामा यसको निर्माण द्रुत गतिमा भएको मन्त्रालयका सचिव केशवकुमार शर्माले बताए। 'कोरोनालगायतका कारणले ठेक्का अवधिमै आयोजना बन्न सकेन। तर, अन्य ठूला आयोजनाको तुलनामा यसको निर्माण कार्य द्रुत गतिमै भएको छ,' उनले भने, 'यसलाई हामीले सकारात्मक रूपमा लिनुपर्छ।' सञ्चालनमा आइसकेका ठूला आयोजना मेलम्ची खानेपानी र चार सय ५६ मेगावाटको अपर तामाकोशी निकै ढिला गरी बनेका थिए। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय विमानस्थलको निर्माणमा पनि केही ढिलाइ भएको थियो। अन्य ठूला परियोजनाको निर्माण कार्य सन्तोषजनक छैन, त्यो अवस्थामा नागढुंगा सुरुङमार्गको प्रगतिलाई राम्रो मान्नुपर्ने विज्ञहरू बताउँछन्।

यो नेपालको पहिलो आधुनिक सुरुङमार्ग हो। यो टनेल बनेपछि नौबिसे हुँदै काठमाडौं प्रवेश गर्ने सवारीसाधनको यात्रा केही छोटिनेछ। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको यो सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। सुरुङमार्ग बनाउन सडक विभाग र जापानी कम्पनी हाजमा एन्डो कर्पोरेसनबीच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो। २०१९ अक्टोबर २१ मा यस आयोजनाको शिलान्यास गरिएको थियो। त्यसपछि नोभेम्बर ०२० देखि आयोजनाको निर्माण कार्य सुरु भएको थियो। आयोजनामा स्वदेशी तथा जापानी गरेर झन्डै ६ सय कामदार रहेका छन्।

यो आयोजना बनाउन कुल २२ अर्ब १४ करोड लाग्ने अनुमान छ। त्यसमा जाइकालेले १६ अर्ब ६३ करोड सहुलियत ऋण उपलब्ध गराएको छ। बाँकी पाँच अर्ब ८५ करोड नेपालको लगानी हो।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५** (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणीहरु तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीहरुको विवरण:

१. प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग, गौर रौतहटको कार्यालयमा मिति २०६९ माघ २५ मा दर्ता नं. १५८०/३६० कायम भई रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **तराई ईन्टरप्राइजेज** (प्रोप्राईटर दुखा साह तेलीको नाती, जिया लाल साह तेलीको छोरा, रीता देवीको पती, रौतहट जिल्ला, बगही गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ०७ बस्ने **श्री भगवान साह** (ना.प्र.नं. २४०३, जारी मिति २०५८/०७/०१, जिल्ला प्रशासन कार्यालय रौतहट)।

२. औद्योगिक व्यावसाय ऐन, २०७६ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. २ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौरमा मिति २०७७/१२/२७ मा दर्ता नं. ९१७३/१४७३/२२०/१३५ कायम भई रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं.०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **महिला बहुउदेश्य कृषि फार्म** (प्रोप्राईटर गणेश साहको नातिनि, राज पलट साह तेलीको छोरी, भगवान साहको पत्नी, रौतहट जिल्ला, बगही गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ०७ बस्ने **रीता देवी** (ना.प्र.नं. ४९७८ जारी मिति २०६४/०१/१०, जि.प्र.का., रौतहट)।

३. प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग, गौर रौतहटको कार्यालयमा मिति २०७७/०९/०७ मा दर्ता नं. १०१८०/१००० कायम भई रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **महिला गल्ला भण्डार किराना पसल** (प्रोप्राईटर गणेश साहको नातिनि, राज पलट साह तेलीको छोरी, भगवान साहको पत्नी, रौतहट जिल्ला, बगही गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ०७ बस्ने **रीता देवी** (ना.प्र.नं. ४९७८ जारी मिति २०६४/०१/१०, जि.प्र.का., रौतहट)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. दुखा साह तेलीको नाती, जिया लाल साह तेलीको छोरा, रीता देवीको पती, रौतहट जिल्ला, बगही गा.वि.स वडा नं.०६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ०७ बस्ने **श्री भगवान साह** (ना.प्र.नं. २४०३, जारी मिति २०५८/०७/०१, जिल्ला प्रशासन कार्यालय रौतहट)।

२. जनक साहको नाती, दुखा साह तेलीको छोरा, असिया तेलीनको पति, रौतहट जिल्ला, पि.पोखरीया गा.वि.स.वडा नं.०५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं.०७ बस्ने **जिया लाल साह तेली** (ना.प्र.नं. २४६५ जारी मिति २०३५/०८/०८, जि.प्र.का., रौतहट)।

३. जूगेश्वर साहको नातिनि, मोसाफिर साहको छोरी, जिया लाल साह तेलीको पत्नी, रौतहट जिल्ला, पि.पोखरीया गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं.०७ बस्ने **असिया तेलीन** (ना.प्र.नं. २८८९, जारी मिति २०३६/०८/०४, जि.प्र.का., रौतहट)।

४. गणेश साहको नातिनि, राज पलट साह तेलीको छोरी, भगवान साहको पत्नी, रौतहट जिल्ला, बगही गा.वि.स वडा नं.०६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं.०७ बस्ने **रीता देवी** (ना.प्र.नं. ४९७८ जारी मिति २०६४/०१/१०, जि.प्र.का., रौतहट)।

५. जिया लाल साह तेलीको नाति, भगवान साहको छोरा, रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं.०७ बस्ने **राहूल राज साह** (ना.प्र.नं. ३२-०१-७६-००३८३, जारी मिति २०७६/०१/१५ जि.प्र.का., रौतहट)।

६. जिया लाल साह तेलीको नाति, भगवान साहको छोरा रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं.०७ बस्ने **कुन्दनकान्त साह** (ना.प्र.नं. ३२-०१-७७-०७६५१, जारी मिति २०७७/११/११ जि.प्र.का., रौतहट)।

धितो सुरक्षणको विवरण:

१. **जिया लाल साह तेली**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, पिप्रा पोखरिया गा.वि.स वडा नं.०४ स्थित कित्ता नं. ११७४ को क्षेत्रफल ०-१८-०-० (वि.क.धु.क.) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **श्री भगवान साह**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, पिप्रा पोखरिया गा.वि.स वडा नं.०५ स्थित कित्ता नं. ३ र ९०९ को क्षेत्रफल क्रमश. ०-२-१०-० र ०-४-०-० (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. **राहूल राज साह**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, कटहरिया गा.वि.स वडा नं.०५ स्थित कित्ता नं. २४११, २४१४, २४१२ र २४१५ को क्षेत्रफल क्रमश. ०-०-५-०, ०-०-५-०, ०-०-३-० र ०-०-२-० (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

४. ऋणी **तराई ईन्टरप्राइजेज, महिला बहुउदेश्य कृषि फार्म र महिला गल्ला भण्डार किराना पसल**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय चन्द्रपुर, रौतहट फोन नं. ०५५-५४०७५६/५७

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/१०/१४ गते नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, ब्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नुहुन सूचित गरिन्छ। अन्यथा उल्लेखित मितिभित्रमा तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखी लेखाई दिएको तपसिल बमोजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालोसुचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगाएतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहीहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराईन्छ।

ऋणीको विवरण	धन जमानीकर्ताहरूको विवरण
 ललित बहादुर खड्काको नाती, चन्द्र बहादुर खड्काको छोरा, जनकपुर अञ्चल, रामेछाप जिल्ला, भिरपानी गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बागमती अञ्चल ललितपुर जिल्ला ईमाडोल वडा नं. १६ बस्ने वर्ष ४६ को **विष्णु बहादुर खड्का** (ना.प्र.प.नं. ३४७६५ जारी मिति २०५३/०९/२८ जि.प्र.का. रामेछाप)	 गोरख बहादुर खड्काको नाती, श्याम बहादुर खड्काको छोरा, स्थायी ठेगाना, जनकपुर अञ्चल, सिन्धुली जिल्ला, कमलामाई वडा नं. ६ बस्ने वर्ष ३६ को **देव बहादुर खड्का** (ना.प्र.नं. ४४७५२ जारी मिति २०६२/०७/१४ जि.प्र.का. सिन्धुली)  गरुङध्वज थापाको नाती, नर बहादुर थापाको छोरा, स्थायी ठेगाना, जनकपुर अञ्चल, रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. १२ स्थायी घर भई हाल बागमती अञ्चल काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २२ बस्ने वर्ष ४८ को **देव बहादुर थापा** (ना.प्र.नं. २८१३६ जारी मिति २०५२/०६/१० जि.प्र.का. रामेछाप)

धितो विवरण: चन्द्र बहादुरको नाती, ललित बहादुर खड्काको छोरा, जनकपुर अञ्चल, रामेछाप जिल्ला, भीरपानी गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ६५ को चन्द्र बहादुर खड्का (ना.प्र.प.नं. ६२०१ जारी मिति २०४५/०२/०४ जि.प्र.का. रामेछाप)को नाममा मालपोत कार्यालय रामेछापमा दर्ता रहि तिरो कायम रहेको जनकपुर अञ्चल, रामेछाप जिल्ला, भीरपानी वडा नं. ५ को कित्ता नं. २९६, २९९, ३०१ र ६१ को क्षेत्रफल व.मी. क्रमशः ८-०-०-० (४०६९.९२), २-३-२-१ (११३०.७५), १-२-१-१ (५८२.२७) र ९-३-२-३ (४६९५.९१) को जग्गा

ऋणीको विवरण	धन जमानीकर्ताहरूको विवरण
 बिर बहादुर महर्जनको नाती, धन बहादुर महर्जनको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १४, स्थायी घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं. १४ बस्ने वर्ष ३९ को **विकास महर्जन** (ना.प्र.नं. १६०५५/५६५६९ जारी मिति २०५७/०३/२९ जि.प्र.का. काठमाडौं)	 बिन सिं महर्जनको नाती, बिर बहादुर महर्जनको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १४ स्थाई घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं. १४ बस्ने वर्ष ७० को **धन बहादुर महर्जन** (ना.प्र.नं. ९०३०/४०८० जारी मिति २०५५/०३/३२ जि.प्र.का.काठमाडौं)  धन बहादुर महर्जनकी बुहारी, विकास महर्जनकी पत्नी, स्थायी ठेगाना बागमती अञ्चल,काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ५, स्थायी घर भई हाल बागमती अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं.१४ बस्ने वर्ष ३७ की **बसन्ती प्रजापती** (ना.प्र.प.नं. ६८५९ जारी मिति २०५९/१०/१० जि.प्र.का. काठमाडौं)

धितो विवरण: बिन सिं महर्जनको नाती, बिर बहादुर महर्जनको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १४ स्थाई घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं. १४ बस्ने वर्ष ७० को **धन बहादुर महर्जन** (ना.प्र.नं. ९०३०/४०८० जारी मिति २०५५/०३/३२ जि.प्र.का. काठमाडौं) को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता रहि तिरो कायम रहेको बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर वडा नं. १४, सि.नं. १०२११४३१६ स्थित कित्ता नं. ३९२ को क्षेत्रफल ०-०-०-० (९७.१०) ब.मी. को जग्गा

CASH क्याश सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

पेट्रोलियममा कालोबजारी

तोकिएभन्दा दोब्बर मूल्यमा बिक्री

खोटाडमा **केदार लाफा**

दश स्थानीय तह रहेको खोटाडमा एउटा मात्रै पेट्रोलपम्प सञ्चालनमा छ। दिक्तेल बजारनजिकै दिक्तेल-हलेसी सडकखण्डमा सञ्चालित हलेसी आयल ट्रेड एन्ड सप्लायर्समा नेपाल आयल निगमले तोकेको मूल्यमा नै पेट्रोल पाइन्छ। तर पेट्रोलपम्पबाट करिब पाँच सय मिटरयता (भोजपुरतर्फ) पर्ने दिक्तेल बजारका अधिकांश पसलमा अवैध रूपमा पेट्रोलियम पदार्थ बिक्री भइरहेको छ। नियमन गर्ने निकाय भने आँखा चिम्लिएर बसेका छन्।

दिक्तेल बजारको रत्नपार्क, बेसक्याम्प, हाटडाँडालगायतका विभिन्न ठाउँमा खुद्रा पसलमा साढे दुई लिटरको बोतलमा पेट्रोल चार सय ७० देखि सात सय रुपैयाँसम्ममा बिक्री गर्ने गरेको पाइएको छ।

> दिक्तेल बजारमा साढे दुई लिटर पेट्रोल चार सय ७० देखि सात सय रुपैयाँसम्ममा बिक्री

आयल निगमले तोकेअनुसार दिक्तेलमा सञ्चालित पेट्रोलपम्पमा पेट्रोलको मूल्य प्रतिलिटर एक सय

धरहरा पुनर्निर्माणमा पाँचौंपटक म्याद थपिँदै

शान्ति तामाङ/नयाँ पत्रिका

दुई वर्षमा सक्ने गरी कात्तिक ०७५ मा सुरु भएको धरहरा पुनर्निर्माण आयोजनाको ठेकेदार कम्पनीले पाँचैपटक म्यादको प्रक्रिया अघि बढाएको छ । पछिल्लोपटक थपिएको म्याद पुस मसान्तमा सकिएसँगै म्याद थपको बढाएको हो ।

पाँचौंपटक म्याद थपका लागि प्रक्रिया अगाडि बढेको निर्माण कम्पनी रमन कन्स्ट्रक्सनले जनाएको छ ।

'म्याद थपका लागि प्रक्रिया अगाडि बढाइरहेका छौं । म्याद थपपछि 'फुल फेज'मा देखिने गरी काम गर्छौं,' कन्स्ट्रक्सनका प्रोजेक्ट म्यानेजर साजन सुवालले भने । हाल बर्गैंचा निर्माणका लागि फूल-बिरुवा रोप्ने काम, झिलिमिलिका लागि बत्तीको काम, धरहरापरिसरमा रहेको मेटलमा सिसा हाल्नेलगायतका काम रहेका छन् । निर्माण कम्पनीका अनुसार धरहरा निर्माणमा अझै १० प्रतिशत काम बाँकी छ । 'पूर्वाधारतर्फ ९० प्रतिशत काम सकिएको छ । फुल, बिरुवा रोप्ने, धरहराअगाडि राखिएको मेटलमा सिसा राख्नेजस्ता सामान्य काम बाँकी छन्,' कन्स्ट्रक्सनका प्रोजेक्ट म्यानेजर सुवालले भने । उनका अनुसार तीनदेखि चार महिनामा काम सकिने गरी काम भइरहेको छ । भूमिगत पार्किङलाई प्रयोग गर्न मिल्ने भन्दै दसैं-तिहारलाई लक्षित गरी काठमाडौं महानगरपालिकाले गत कात्तिकमा पार्किङ पनि खुला गरेको थियो । तत्कालीन प्रधानमन्त्री ओलीले ११ वैशाख ०७८ मै धरहरा निर्माण सम्पन्न भएको दाबी गर्दै उद्घाटन गरेका थिए । तर, टावरबाहेक अन्य संरचना निर्माण बाँकी रहेकाले सर्वसाधारणका लागि धरहरा खुला हुन सकेको छैन ।

४२ रोपनीमा फैलिएको धरहराको लागत अनुमान तीन अर्ब आठ करोड छ । जसमध्ये साढे दुई अर्ब अर्थात् ७९ प्रतिशत रकमको काम भइसकेको छ । धरहरा आधुनिक ढंगले पुनर्निर्माण गर्न जमिन अपुग भएपछि सरकारले गोश्वारा हुलाक, टक्सार विभाग, नेपाल बैंक र सुन्धारा रहेको सबै जमिन एकीकृत रूपमा विकास गरेको थियो । जसकारण पहिले पाँच रोपनी क्षेत्रफलमा फैलिएको धरहरा ४२ रोपनीमा विस्तार भएको हो । तत्कालीन पुनर्निर्माण प्राधिकरणले पारित गरेको डिजाइनअनुसार गोश्वारा हुलाक भएको ठाउँमा धरहरा प्रवेशद्वार रहेको छ । भित्र छिरेपछि दुई तला भूमिगत छ । भूमिगत तलाबाट लिफ्ट चढेर धरहराको माथिल्लो भागमा पुग्न सकिनेछ ।

धरहरापरिसरमा रहेको सुन्धारा पुनर्निर्माण गलत तरिकाले भएको आरोपमा स्थानीयले विरोध गरेपछि काम रोकिएको थियो । निर्माण कम्पनीको कामविरुद्ध महानगरका मेयर बालेन्द्र साह (बालेन)ले समेत आपत्ति जनाएका थिए । भूकम्पले ढलेको धरहरा संरक्षण पनि उपयुक्त तरिकाले नभएको भन्दै स्थानीयले विरोध गरेपछि कम्पनीले काम रोकेको थियो । उक्त रोकिएको काम कहिले सुरु हुने भन्ने अझै यकिन भएको छैन ।

संरक्षणका काम नहुँदा सुन्धारावरपर पहँलो हुने गरी लेउ लागेको छ । लामा-लामा घाँस उम्रिएका छन् । सुन्धाराको संरक्षण हुन सकेको छैन नै । पुरानो धरहरासमेत बेवास्तामा परेको छ । जसकारण पुरानो धरहरा क्षेत्रमा समेत घाँस उम्रन थालेको छ । पुरानो धरहरा र सुन्धारा संरक्षणका लागि पुरातत्त्व विभागको निर्णयनुसार काम अगाडि बढ्ने निर्माण कम्पनीले बताएको छ । 'धरहरा र सुन्धारा पुनर्निर्माण कसरी गर्ने, यो विषयमा कसरी अगाडि बढ्ने भन्ने विषयमा विभागको निर्णयअनुसार हुन्छ । हालसम्म विभागको तर्फबाट कुनै पनि जानकारी आएको छैन,' सुवालले भने । विभागले भने धरहरा र सुन्धाराको संरक्षणसम्बन्धी कामको गति मन्द भएको भन्दै द्रुत गतिमा काम नभए आफैंले गर्ने बताएको छ । 'धरहरा क्षेत्रमा धमाधम काम भइरहे पनि पुरानो धरहरा र सुन्धारा संरक्षणको काम हुन सकेको छैन । यसमा हाम्रो ध्यानाकर्षण भएको छ,' विभागका महानिर्देशक शौभाग्य प्रधानांगले भनिन्, 'हामीले उहाँहरूलाई छिटो काम गर्नुहोस् । तपाईंहरू सक्नुहुन्न भने हामी गर्छौं भनिरहेका छौं । उहाँहरूले चासो देखाउनुभएन भने हामी आफैं गर्छौं ।' तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले धरहरा पुनर्निर्माणको काम सहरी तथा भवन निर्माणलाई हस्तान्तरण गरेको थियो ।

> **तीन-चार महिनामा काम सक्ने गरी काम भइरहेको कम्पनीको दाबी**
>
> ४२ रोपनीमा फैलिएको धरहराको लागत अनुमान तीन अर्ब आठ करोड छ । जसमध्ये साढे दुई अर्ब अर्थात् ७९ प्रतिशत रकमको काम सम्पन्न ।

भिजिट भिसाको...

पृष्ठ १ बाट क्रमशः

वकिल कार्यालयमा बुझाउने तयारी भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीले बताए । 'भिजिट भिसाको सेटिङमा अध्यागमनका कर्मचारीको भूमिकामाथि पनि विस्तृत अनुसन्धान भएको छ,' उनले भने, 'दोषी देखिएका सबैलाई प्रतिवादी बनाउन सिफारिस गर्छौं ।'

दुई महिनाअघि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले यस प्रकरणमा प्रारम्भिक अनुसन्धान थालेको थियो । अपराध अनुसन्धान कार्यालयले अधिकृत खड्कासहितलाई पक्राउ गरी विस्तृत अनुसन्धानका लागि परिसरमा बुझाएको थियो । ३९ जना पक्राउ परेकामा किर्ते कागजपत्र बनाउने समूहविरुद्ध यसअघि नै अर्को मुद्दा दायर भइसकेको छ ।

सुरुमा बिचौलिया गीता साहलाई पक्राउ गरी प्रहरीले यसको अनुसन्धान थालेको थियो । उनीमार्फत ट्राभल एजेन्सी सञ्चालक सरोज यादव पक्राउ परेकोमा उनीमार्फत नै प्रहरी अध्यागमन अधिकृत खड्कासम्म पुगेको हो । खड्काले यसमा संलग्न अन्य कर्मचारी र बिचौलियाबारे प्रहरीलाई खुलाएका थिए । सोही आधारमा ट्राभल एजेन्सी सञ्चालक पदम लामा, छिरिङ लामा, विनोद कार्की, रामप्रसाद भण्डारी, दिनेश ज्ञवालीलगायतलाई प्रहरीले पक्राउ गरेको हो । अधिकृत खड्काले श्रीमतीको बैंक खातामा समेत घुस लिने गरेका थिए । बिचौलियालाई ह्वाटएसपमा उनले श्रीमतीको बैंक खाताको क्युआर कोडसमेत पठाएको फेला परेको छ ।

अधिकृत भण्डारीकै बयानका आधारमा यसअघि अर्का अधिकृत ताराबहादुर कुँवरविरुद्ध प्रहरीले मुद्दा दायर गरिसकेको छ । खड्काविरुद्ध भने एक प्रहरी जवानलाई भिजिट भिसामा रसिया पठाउन सहयोग गरेको घटनामा मानव बेचबिखनको अर्को मुद्दासमेत दायर भएको छ । जसमा उनलाई धरौटीमा छाड्ने आदेश भएको थियो । रसियन सेनामा भर्ना भएका ती प्रहरी पछि भागेर नेपाल आई उजुरी गरेका थिए । उनी अध्यागमनमा पैसा बुझाएरै दुबई हुँदै रसिया पुगेको अनुसन्धानमा खुलेको थियो ।

अध्यागमन कर्मचारीले भने प्रहरीले अनुसन्धान थालेपछि विरोध गर्दै आएका छन् । उनीहरूले काम नै रोकेरसमेत दबाब दिँदै आएका छन् । कर्मचारीको विरोधपछि गृह मन्त्रालयले प्रहरी र अध्यागमन कर्मचारीलाई सँगै राखेर यस विषयमा छलफल गरायो । जस क्रममा अनुसन्धानमा आबद्ध प्रहरीले सेटिङको प्रमाण नै पेस गरेपछि अध्यामनका कर्मचारी नरम भएको र प्रहरीलाई अनुसन्धान अघि बढाउन निर्देशन दिइएको गृह मन्त्रालयका एक अधिकारी बताउँछन् ।

अध्यागमनको सेटिङमा दैनिक तीन सयजनासम्म विदेश उड्ने र अध्यागमन कर्मचारीले औसतमा प्रतिव्यक्ति ४० हजार रुपैयाँ पाउने गरेको पक्राउ परेकाबाट खुलेको छ । जसअनुसार अध्यागमन कर्मचारीले दैनिक एक करोड रुपैयाँसम्म घुस लिने गर्दथे । ट्राभल एजेन्सीका सञ्चालकहरूले अध्यागमनमा यस्तो सेटिङ मिलाउँदै आएका थिए । अध्यागमनमा लामो समयदेखि बस्दै आएका नायब सुब्बासँग उनीहरूको वर्षौंदेखि गठजोड देखिएको छ । अध्यागमनको ड्युटीमा जोसुकै भए पनि उनीहरूसँग बिचौलियाले सेटिङ मिलाउनुले संगठित रूपमै मानव तस्करीको सेटिङ चलेको देखाउने प्रहरी अधिकारी बताउँछन् ।



● **एसएसपी भूपेन्द्र खत्री**, प्रमुख, जिल्ला प्रहरी परिसर काठमाडौं

प्रहरी अनुसन्धानले सेटिङ बाहिर आएपछि गृह मन्त्रालयले हालै भिजिट भिसासम्बन्धी दुई वर्षदेखि लागू हुँदै आएको १७ बुँदे मापदण्ड खारेज गरी ६ बुँदे नयाँ कार्यविधि लागू गरेको छ । विगतमा विदेश नगएकाहरू खाडी देशमा घुम्न जान वार्षिक आय न्यूनतम पाँच लाख हुनुपर्ने, १२ कक्षा अध्ययन गरेको हुनुपर्ने मापदण्ड थियो । त्यो मापदण्डका कारण नक्कली कागजपत्र बनाउने धन्दा बढेको र अध्यागमनमा सेटिङको धन्दा बढाएको निष्कर्षसहित गृहले भिजिट भिसालाई केही सरलीकृत गरेको छ । नयाँ मापदण्डमा पर्यटक भिसामा संयुक्त अरब इमिटरेट्स (युएई), बहराइन, कुवेत, कतार, ओमन र साउदी अरेबिया जान समयमै फर्कने लगायत विषयमा स्वघोषणासम्बन्धी कागजमा विवरण भरेर हस्ताक्षर गर्नुपर्ने हुन्छ । जुन कार्यविधि १० माघदेखि कार्यान्वयनमा आएको छ ।

८८ करोड...

पृष्ठ १ बाट क्रमशः

स्थानमा प्रशोधन केन्द्र निर्माणको काम बीचमै रोकिएको छ ।

चिनियाँ ठेकेदार कम्पनी साफबोन वाटर सर्भिस (होल्डिङ)ले प्रशोधन केन्द्र निर्माणको ठेक्का पाएको थियो । तर, कोभिड तथा आर्थिक अभाव देखाउँदै ठेकेदार कम्पनीले काम रोकेपछि अर्बौं लगानीका महत्त्वाकांक्षी योजना अलपत्र परेका हुन् । ठेकेदार कम्पनीले पाँच वर्षमा बालकुमारीमा २७ प्रतिशत, धोबीघाटमा १७ प्रतिशत र भक्तपुर सल्लाघारीमा १० प्रतिशत मात्रै काम गरेको थियो । तर, सरकारले दुई वर्षअघि काम नगरेको भन्दै ठेकेदार कम्पनीसँग ठेक्का तोडिसकेको छ ।

यी योजना सुरु भएसँगै कोभिड महामारी सुरु भएको थियो । कोभिडको कारण देखाउँदै सुरुमा ठेकेदार कम्पनीले काम रोकेको थियो । सरकारले म्याद थपेपछि पनि ठेकेदार कम्पनीले काम नै गरेन । पछिल्लोपटक सरकारले ठेकेदार कम्पनीलाई २०२२ सम्मको समयसीमा तोकेर म्याद थप गरेको थियो । तर, ठेकेदार कम्पनीले २०२२ जनवरीसम्म जम्मा २७ प्रतिशत मात्रै काम गरेपछि सरकारले त्यतिवेलै ठेक्का तोडेको थियो ।

आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)का इन्जिनियर तथा प्रोजेक्ट डाइरेक्टर राजेन्द्र सापकोटाले ठेकेदार कम्पनीले झुलाएका कारण महत्त्वाकांक्षी योजनाले पूर्णता नपाएको बताए । उनका अनुसार सुरुमा ठेकेदार कम्पनीलाई दुई वर्षको समयसीमा दिइएको थियो । तर, उक्त समयमा कम्पनीले काम नै गरेन ।

पछि २०१९ मा म्याद थपेर २०२२ सम्मको समयसीमा तोकिएपछि पनि ठेकेदार कम्पनीले खासै गरेन । ठेकेदार कम्पनीलाई सरकारले विभिन्न चरणमा गरेर ८८ करोड रकम भुक्तानी गरिसकेको छ । 'ठेकेदार कम्पनीले धेरैपटक झुलायो, म्याद पनि थपेका थियौं, तर काम नै गरेन, पाँच वर्षमा २७ प्रतिशत पनि काम नसकेपछि २०२२ मा ठेक्का तोडेका छौं,' उनले भने, 'दुई वर्षदेखि निर्माण कार्य ठप्प छ, निर्माणाधीन संरचना अलपत्र अवस्थामा छन्, यो हाम्रो गल्ती पनि होइन ।'

तीन स्थान (बालकुमारी, धोबीघाट र सल्लाघारी)मा गरी ८८ करोडका अधुरा संरचना अलपत्र अवस्थमा छन् । यी संरचना अब काम लाग्ने हुन् वा होइनन् भन्ने यकिन भइसकेको छैन । प्रोजेक्ट डाइरेक्टर सापकोटाका अनुसार एडिबीको प्राविधिक मूल्यांकनका आधारमा यदि ती संरचना काम लाग्ने देखिएनन् भने सरकारको ८८ करोड रुपैयाँ डुब्नेछ । तर, दुई वर्षअघिदेखि नै ठेक्का तोडे पनि पिआइडीले हालसम्म पनि नयाँ ठेक्का लगाउने प्रक्रिया भने अघि बढाएको छैन । प्रोजेक्ट डाइरेक्टर सापकोटाले अलपत्र अवस्थामा रहेका संरचनाको बाँकी काम ठ्याक्कै कहिलेदेखि कसरी सुरु हुन्छ भन्ने जवाफ आफूसँग नभएको बताए ।

बालकुमारीमा पोखरीसहितका अन्य संरचनाको आधाजति काम भएको छ । त्यस्तै, पाँचवटा भवन ठड्याइए पनि ती अलपत्र अवस्थामा छन् । त्यस्तै, धोबीघाट र भक्तपुरको सल्लाघारीमा पनि प्रशोधन केन्द्र निर्माण गरिने स्थल कम्पाउन्ड गरेर राखिएको छ । ठेकेदार कम्पनीले यी स्थानमा पनि फोहोर पानी प्रशोधन गर्ने केही संरचनाको थोरै काम सम्पन्न गरेको छ भने अधिकांश काम बाँकी नै छ ।

बालकुमारीमा बन्ने प्रशोधन केन्द्रको क्षेत्रफल १२८ रोपनी, सल्लाघारीको ४३ र धोबीघाटको ५८७ रोपनी छ । तर, धोबीघाटको ५८६ रोपनीमध्येका करिब दुई सय रोपनी जग्गामा तीन करोड ७० लाख लिटर फोहोर पानी प्रशोधन गर्न मिल्ने फोहोर प्रशोधन केन्द्र निर्माण हुँदै छ । यो ती तीनवटा प्याकेजभन्दा फरक किसिमको योजना हो । उक्त फोहोर पानी तथा ढल प्रशोधन केन्द्र दुई महिनाभित्रमा सञ्चालनमा आउने पिआइडीले जनाएको छ ।

बालकुमारीमा बनाउन लागिएको प्रशोधन केन्द्रको जग्गा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको हो । बालकुमारीको जग्गा बोर्डले नै उपलब्ध गराएको थियो भने अन्य ठाउँको जग्गा सरकारले प्रक्रिया पुऱ्याएर एकीकरण गरेको थियो । तर, ठूलो क्षेत्रफलमा महँगो लगानीमा निर्माण गर्ने योजना बनाइएका प्रशोधन केन्द्र अलपत्र अवस्थामा छन् । हाल पिआइडीले बालकुमारीमा बनेका प्रशोधन केन्द्रका संरचनाको रेखदेख गर्न दुईजना सेक्युरिटी गार्ड राखेको छ । फोहोर पानी प्रशोधनका लागि चाहिने ब्लक र पोखरी निर्माण भइसकेका छन् ।

तीनवटा फोहोर पानी प्रशोधन केन्द्र एकै किसिमका छैनन् । बालकुमारीको फोहोर पानी प्रशोधन केन्द्र निर्माण हुन करिब दुई अर्ब लाग्ने अनुमान गरिएको छ । यसअघि ठेकेदार कम्पनीले निर्माण गरेका संरचनामा ३० करोड रकम खर्च भइसकेको छ । त्यस्तै, भक्तपुर सल्लाघारीको प्रशोधन केन्द्रमा डेढ करोड लागत लाग्ने अनुमान गरिएको छ । ठेकेदार कम्पनीले यसअघि २० करोडभन्दा बढी लागतका संरचना बनाएर अलपत्र अवस्थामा छाडेको छ । त्यस्तै, धोबीघाटको प्रशोधन केन्द्रमा यसअघि ठेकेदार कम्पनीले २२ करोडभन्दा बढीको संरचना निर्माण गरेर अलपत्र पारेको छ ।

किन आवश्यक छ प्रशोधन केन्द्र ?

पिआइडीका प्रोजेक्ट डाइरेक्टर सापकोटाका अनुसार उपत्यकाको वातावरणीय हिसाबमा पनि फोहोर पानी तथा ढल प्रशोधन केन्द्र अत्यावश्यक छ । अर्को कुरा उपत्यकाका मेलम्ची तथा आसपासका नदीहरूबाट हाल दैनिक २९ करोड लिटर पानी आउँछ । सो पानीमध्ये ८० प्रतिशत पानी फोहोर तथा ढलका रूपमा नदीमा मिसिने प्राविधिक अध्ययनले देखाएको छ । सोही आधारमा सरकारले फोहोर तथा ढल प्रशोधन गरेर बागमती, विष्णुमती, धोबीखोला, हनुमन्तेलगायत खोलामा सफा पानी बगाउन र यहाँको पर्यावरण जोगाउन प्रशोधन केन्द्र निर्माण गर्ने योजना अघि सारेको थियो । सो ढल तथा फोहोर पानी प्रशोधन गरेर खोलामा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको सड्लो पानी बगाउनका लागि सरकारले यी योजना अघि बढाएको हो । प्रशोधन केन्द्र नबन्दा उपत्यकाका खोलामा ढल तथा फोहोर पानी बग्ने गरेको छ, जसले जनस्वास्थ्यमा समेत असर पारिरहेको छ ।

हाल काठमाडौंको गुह्येश्वरीमा दैनिक तीन करोड २४ लाख लिटर पानी प्रशोधन हुने प्लान्ट निर्माण सम्पन्न भएर चालू अवस्थमा छ । यस्तै किसिमका थप प्लान्ट निर्माणको योजना सरकारले २०१७ देखि नै अघि बढाए पनि हालसम्म पनि निर्माण हुन सकेका छैनन् भने योजनाको काम अलपत्र अवस्थामा छ ।

उद्धार केन्द्रमा...

पृष्ठ १ बाट क्रमशः

थपिँदै जाँदा व्यवस्थापन गर्न कठिनाइ हुने उनको भनाइ छ ।

संरक्षणविद्का अनुसार कुल बाघको संख्यामा प्रतिवर्ष करिब १० प्रतिशत बाघ समस्याग्रस्त भेटिने सम्भावना हुन्छ । अन्यत्र गएमा वा प्राकृतिक रूपमा मृत्यु भएमा पनि अधिकांश बाघ समस्याग्रस्त भेटिने गर्दछन् । बाघ बुढो भएमा वा बिरामी भई सिकार गर्न नसक्ने अवस्थाका बाघलाई समस्याग्रस्त बाघ भन्ने गरिन्छ । ती बाघ निकुञ्ज वा वन क्षेत्रको मुख्य क्षेत्रभन्दा टाढा सामुदायिक वन, बस्तीनजिक भेटिने गर्दछन् । तिनले सजिलै सिकार गर्न सकिने घरपालुवा जनावर र मानिसलाई आक्रमण गर्ने गर्दछन् । उनीहरूको उमेर र अवस्था हेरेर निकुञ्जले नियन्त्रणमा लिई उद्धार केन्द्रमा राख्ने गर्दछन् ।

समस्याग्रस्त बाघलाई नियन्त्रणमा नलिएमा मानव-वन्यजन्तु द्वन्द्व झन् विकराल हुने संरक्षणकर्मीको भनाइ छ । बर्दियामा विशेष गरी निकुञ्जछेउछाउ, खाता जैविकमार्ग र सामुदायिक वन क्षेत्रमा बाघको आक्रमणमा परी धेरै मानिस घाइते र मृत्यु हुने गरेका छन् । ती स्थानमा फेला परेका समस्याग्रस्त बाघलाई निकुञ्जले नियन्त्रणमा लिई उद्धार केन्द्रमा राख्ने गरेको छ । नेपालमा हाल बर्दियामा पाँच, चितवन राष्ट्रिय निकुञ्जमा ६, पर्सा राष्ट्रिय निकुञ्जमा तीन, बाँके राष्ट्रिय निकुञ्जमा एक र विभिन्न चिडियाखानामा पाँच गरी २० बाघ थुनामा छन् । सरकारले ती बाघको व्यवस्थापन र चारोका लागि लाखौं खर्च गर्ने गरेको छ ।

चिनियाँ प्रतिनिधिमण्डलको...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रपति सी जिनपिङको शुभेच्छा र सन्देश सुनाएकी छिन् । माओवादीको औपचारिक निमन्त्रणामा आएको टोलीले आइतबार नेपालका प्रमुख पार्टीहरूसँग नेपाल-चीन सम्बन्धबारे छलफल गर्ने तय भएको छ । चिनियाँ टोलीले सुरुमा प्रधानमन्त्री प्रचण्ड त्यसपछि ओली र अन्तिममा नेपालसँग भेटवार्ता गरेको थियो । चिनियाँ नेता सुनले राष्ट्रपति सी जिनपिङको सन्देश र शुभेच्छा लिएर आफू नेपालका राजनीतिक नेताहरूसँग भेटवार्ताका लागि आएको प्रधानमन्त्रीलाई बताइन् ।

गत असोजमा भएका प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण सफल भएको र त्यस क्रममा भएका सहमति कार्यान्वयनमा चीन प्रतिबद्ध रहेको पनि उनले बताएकी छिन् । नेपालको आर्थिक र सामाजिक विकासमा क्षमताले भ्याएसम्म सहयोग गर्ने चिनियाँ प्रतिबद्धता थियो । प्रधानमन्त्री प्रचण्डले पनि राष्ट्रपति सीलाई आफ्नो सन्देश सुनाइदिन आग्रह गरेका थिए । नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको दोहोऱ्याउँदै प्रधानमन्त्री प्रचण्डले नेपालको विकासमा गरेको सहयोगप्रति धन्यवाद व्यक्त गरेको उनको सचिवालयले जनाएको छ ।

एमाले अध्यक्ष ओलीसँग पनि चिनियाँ नेता सुनले सुरुमै राष्ट्रपतिको सन्देश सुनाएकी थिइन् । 'चिनियाँ नेताले राष्ट्रपति सीको सन्देश र शुभकामना लिएर भेट्न आएको हुँ भन्नुभयो । तर, शुभकामना र सन्देश के हो चाहिँ भन्नुभएन,' एमाले विदेश विभाग सदस्य गोपाल खनालले नयाँ पत्रिकासँग भने, 'नेपालको विकास र समृद्धिका लागि विगतमा पनि चीनले सहयोग गरेको र अब पनि सहयोग गर्ने भन्नुभयो । भविष्यमा चीनले के गर्नुपर्छ, तयार छौं भन्ने धारणा आयो ।'

एक चीन सिद्धान्तप्रति नेपालको निरन्तर प्रतिबद्धता रहँदै आएकोमा उनले प्रशंसा गरिन् । ओलीले नेपालले एक चीन नीति व्यावहारिक रूपमा नै कार्यान्वयन गर्दै आएको र यसमा प्रतिबद्ध रहेको बताएका थिए । एमाले र चिनियाँ कम्युनिस्ट पार्टीबीच सहकार्य र मित्रता थप सुदृढ गर्ने उपायमा काम गर्न दुवै पक्षले सहमति जनाएका छन् । 'हाम्रो पुरानो मित्रता छ । नेपालको विकास र समृद्धिमा चिनियाँ सहयोग निरन्तर रहँदै आएको छ । यसको प्रशंसा गर्छौं,' ओलीको भनाइ उद्धृत गर्दै खनालले भने । दुई देशबीच विगतमा भएका सहमति र प्रतिबद्धता कार्यान्वयनमा दुवै पक्षको जोड थियो ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालसँगको भेटमा पनि चिनियाँ नेताले दुई देश र दुई पार्टीबीचको सम्बन्धमा जोड दिएका छन् । सबै भेटमा चिनियाँ कम्युनिस्ट पार्टी मुख्यालयकी उपमन्त्री सुन, चिनियाँ कम्युनिस्ट पार्टीको नेपाल डेस्क प्रमुख जेङ योया (सरला) र अन्य दुईजना प्रतिनिधिमण्डलका सदस्य सहभागी छन् । उनीहरूले शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेटवार्ता गरेका थिए । माओवादीको औपचारिक निमन्त्रणामा नेपालको पछिल्लो राजनीतिक अवस्थाबारे छलफल गर्न आएको टोलीले आइतबार कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गर्ने कार्यक्रम छ । भेटवार्ता सकेर टोली सोमबार स्वदेश फर्किनेछ । नयाँ वर्ष २०२४ सुरुवात भएपछि नेपाल आउने यो नै उच्चस्तरीय चिनियाँ टोली हो ।

विधेयकमाथि...

पृष्ठ १ बाट क्रमशः

समितिले सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक टुंग्याएर सदनमा पेस गरिसकेको छ भने टिआरसी विधेयक पनि अन्तिम चरणमा पुऱ्याउँदै राजनीतिक सहमति जुटाउने प्रयासमा छ । त्यस्तै, राज्य व्यवस्था समितिले संवैधानिक परिषद् काम, कर्तव्य अधिकारसम्बन्धी विधेयकमा छलफल सकिसकेको छ, टुंग्याउनका लागि राजनीतिक सहमति खोजिरहेको छ । समिति सभापति रामहरि खतिवडा अधिवेशनअगावै समितिमा आएका विधेयक प्रक्रियाबाट टुंग्याएर सदनमा पठाउने बताउँछन् ।

थाती विधेयक अगाडि बढाउन सोमबार पनि समितिहरूको बैठक तय भएको छ । संसद् सचिवालयका अनुसार सोमबार ११ बजे कृषि समितिले खाद्य स्वच्छता विधेयक र साढे ११ बजे शिक्षा समितिले सार्वजनिक सेवा प्रसारण विधेयकमा छलफल चलाउन लागेको छ । अधिवेशन आह्वानको तयारी हुँदै गर्दा गत आइतबार सभामुख देवराज घिमिरेले समिति सभापतिलाई बोलाएर विधेयक छिटोभन्दा छिटो टुंग्याउन निर्देशन नै दिएका थिए ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, नेपाल विश्वविद्यालय विधेयक, विद्यालय शिक्षा विधेयक छन् । राज्य व्यवस्था तथा सुशासन समितिमा भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, अनुगमन तथा मूल्यांकन विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक छन् ।

कानुन, न्याय तथा मानव अधिकार समितिमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक छन् । अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक छ । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक छ । पूर्वाधार विकास समितिमा विद्युत् विधेयक उपसमिति बनाएर दफावार छलफलको क्रममा छ ।

गत ४ मंसिरको निर्वाचनपछि आएको नयाँ प्रतिनिधिसभाले १५ वैशाखमा विषयगत समिति गठन गरेको थियो । समितिहरूले २ जेठबाट काम थालेका थिए । गठन भएको १० महिनामा समितिले एउटा मात्रै विधेयक टुंग्याएर सदनमा प्रस्तुत गरेको छ । त्यो हो- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक ।

१२ विधेयक अहिले पनि समितिमा विचाराधीन छन् । ११ भदौमा प्रतिनिधिसभामा समितिको सभापति चयन भएपछि विधायिकी कार्यले गति लिने अपेक्षा गरिएको थियो । तर, हिउँदे अधिवेशन सुरु हुनै लाग्दा पनि प्रतिनिधिसभाका विषयगत समितिको कार्यप्रगति सन्तोषजनक छैन ।

राष्ट्रिय सभातर्फ दुईवटा विधेयक समितिमा छन् । संसद् सचिवालयका अनुसार विधायन व्यवस्थापन समितिमा विधायन व्यवस्थापनसम्बन्धी विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक छ । समग्रमा प्रतिनिधिसभामा २० र राष्ट्रिय सभामा तीन गरी कुल २३ विधेयक छन् ।

हिउँदे अविधेशनका लागि संसदीय समितिहरू विधायिकी कार्यमा तातेका वेला सरकारले पनि गृहकार्य गरिरहेको छ । संघीय निजामती र संघीय प्रहरी, सवारी तथा यातायात, सार्वजनिक सडक तथा सुरक्षासम्बन्धी विधेयक, सुरक्षित कारोबारसम्बन्धी विधेयक, संघीय निजामती, नागरिक उड्डयन प्राधिकरण विधेयक, हवाई सेवा प्राधिकरण विधेयक, बैंक तथा वित्तीय संस्थासम्बन्धी संशोधन विधेयक, भूमिसम्बन्धी ऐन संशोधन विधेयक, मानव अधिकार आयोग ऐन संशोधन विधेयक, कृषिसम्बधी विधेयक ल्याउने सरकारको तयारी छ । यो अधिवेशनमा ४० वटा विधेयक आउने गरी प्राथमिकता क्रम निर्धारण भइरहेको कानुनमन्त्री धनराज गुरुङ बताउँछन् ।

सूर्यशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भक्तपुर बारहीस्थान-३, फोन नं. ०१-६६१२४७१

कर्जा भुक्तानी गर्न आउने ७ दिने सूचना

तेस्रोपटक प्रकाशित मिति : २०८०/१०/१४

यस सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको भाखा मित्र साँवा ब्याज हर्जना तथा दस्तुर रकम थनि संस्थासंग गरेको शर्त सम्झौता बमोजिम तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जाको शर्त कबुलियतको उलंघन गरेका तथा संस्थाले पटक पटक लिखित र मौखिक एवं स्थलगत भेटघाट आदिबाट ताकेता गर्दा समेत साँवा, ब्याज र हर्जना रकम भुक्तानी वा नियमित गर्न नआउनु भएकोले ७ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा उपस्थित भई आफूले उपभोग गर्नुभएको कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरसमेत सम्पूर्ण रकम चुक्ता भुक्तानी गरी कर्जा फर-फारक गर्न गराउनु होला । तोकिएको समयसम्म पनि बुझाउन नआएमा कर्जाको सुरक्षाको लागि लेखि दिएको चल अचल सम्पति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्य सो संग सम्बन्धित अन्य पक्ष थनि संस्था विच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम विक्रि गरी वा ऋणी सदस्य तथा कर्जाको साक्षी तथा धन जमानी बस्ने व्यक्तिअन्य कार्वाही गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सूचना मार्फत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

स.न.	ऋणको विवरण	ऋणीको फोटो	धितोको सुरक्षण विवरण
१.	नाम: राध्ये स्याम गणेजू ना.प्र.न. १६९१३ सदस्यता नं. ०२८६२ पिताको नाम : हरेराम गणेजू बाजेको नाम:हरी कृष्ण गणेजू		भक्तपुर चा.न.पा. ताथली बडा नं. ९ किता नं १८९० क्षेत्रफल ०-३-१-० को जग्गा २०७८/०५/०३ गतेमा दृष्टि बन्धक रोक्का
२.	नाम: पुष्प नारायण प्रजापती ना.प्र.न.००८६८ सदस्यता नं. ०१२३२ पिताको नाम :पर्शुराम प्रजापती बाजेको नाम:कान्छा प्रजापती		भ.न.पा.बडा नं. साविक १ हाल ९ किता नं. ६०९ क्षेत्रफल ०-१-२-२ को जग्गामा बनेको घर २०७७/०९/०७ गतेमा दृष्टि बन्धक रोक्का

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल ग्रोथ फण्ड

(नेपाल धित

■ प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट


सूर्यले लिए नौ खेलमा कीर्तिमानी ३० विकेट

रमेश सुवेदी/नयाँ पत्रिका

बायाँ हाते स्पिनर सूर्य तामाङ प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको एकै संस्करणमा ३० विकेट लिने पहिलो खेलाडी बनेका छन् । २२ वर्षीय सूर्यले एकै संस्करणमा ३० विकेट लिने कीर्तिमान आफ्नो नाममा लेखेका छन् । उनले प्रतियोगिताको नौ खेलमा सर्वाधिक ३० विकेट लिएका हुन् । सूर्यले सर्वाधिक ३० विकेट लिए पनि बागमतीले भने फाइनलमा पुग्न अन्य टोलीको खेल कुर्नुपर्ने भएको छ । सूर्यअघि सन् २०१९ को संस्करणमा नेपाल पुलिस क्लबका ललितनारायण राजवंशीले एकै संस्करणमा सर्वाधिक २० विकेटको कीर्तिमान बनाएका थिए । एपिएफकै मौसम ढकाललले ६ खेलमा १५ विकेट लिएका थिए ।

सूर्यले अन्तिम खेलमा लुम्बिनी र मधेश प्रदेशविरुद्ध समान ६ विकेट लिएका छन् । विभागीय टोली त्रिभुवन आर्मीविरुद्ध पाँच विकेट लिँदा अर्को विभागीय टोली नेपाल पुलिस र सशस्त्र प्रहरी बलको एपिएफ तथा सुदूरपश्चिम प्रदेशविरुद्ध समान तीन विकेट हात पारे । त्यस्तै, कोशीविरुद्ध दुई विकेट लिँदा कर्णाली र गण्डकी प्रदेशको समान एक झारेका थिए । उनको उत्कृष्ट प्रदर्शन मधेशविरुद्ध नौ ओभरमा तीन मेडनसहित १८ रन खर्चिएको रह्यो ।

सूर्यले इन्जुरीपछिको कमब्याकमा कुनै दबाब नरहँदा यो उपलब्धि हासिल भएको प्रतिक्रिया दिएका छन् । 'मेरो इतिहासमै धेरै ३० विकेट बनेको छ । इन्जुरीपछि यो प्रतियोगिता मेरा लागि कमब्याक गर्ने बाटो बन्यो । धेरै आशा गरेको थिइन । दबाबमुक्त भएर खेल्दा धेरै विकेट हात पऱ्यो,' सूर्यले भने, 'मलाई मेरो भूमिका थाहा थियो । अवसर पाएको वेला प्रदर्शन गर्न सक्छु भन्ने विश्वास थियो जहाँ म सफल भएको छु ।'



ब्याटिङतर्फ यस प्रतियोगितामा नौ शतक बन्दा सबै शतक कीर्तिपुरस्थित त्रिवि मैदानमा बने । नौ टोली सहभागी प्रतियोगिताका खेलहरू मूलपानी माथिल्लो मैदान र कीर्तिपुर तथा भैरहवाको सिद्धार्थ रंगशालामा भएका छन् । बागमतीले सिद्धार्थ रंगशालाबाहेक दुवै मैदानमा खेलेको छ । सूर्यले दुवै मैदानमा समान १५ विकेट हात पारेका छन् । सूर्यले गत वर्ष आयोजना भएको नेपाल प्रिमियर लिग (एनपिएएल)मा विराटनगर किंग्सबाट खेल्दै आठ खेलमा १२ विकेट लिएका थिए । यसपछि उनी राष्ट्रिय टोलीमा स्थान बनाएपनि डेब्यु गर्न भने पाएनन् ।

सूर्यपछि चलिरहेको प्रतियोगितामा सुदूरपश्चिमका शेर मल्लले ६ खेलमा २१ विकेट, मधेश प्रदेशका रञ्जित कुमारले आठ खेलमा १९ विकेट, सात खेल खेलेका गण्डकीका विपिन खत्रीले १७ विकेट र नेपाल पुलिसका ललितनारायणले ६ खेलबाट १६ विकेट हात पारेका छन् ।

> २०१९ को संस्करणमा नेपाल पुलिस क्लबका ललितनारायण राजवंशीले एकै संस्करणमा सर्वाधिक २० विकेटको कीर्तिमान राखेका थिए

सूर्यको प्रदर्शन

प्रतिस्पर्धी	विकेट
पुलिस	३
एपिएफ	३
मधेश	६
आर्मी	५
कोशी	२
कर्णाली	१
गण्डकी	१
सुदूरपश्चिम	३
लुम्बिनी	६

■ अब, नेपालमै खेल्छु

सूर्यले सुन्दर भविष्यको योजनासहित नेपाल छोड्ने योजना पहिले बनाए पनि तत्काललाई नभएको बताएका छन् । केही समयअघि उनी अन्य खेलाडीझैं देश छाड्ने मनसायमा थिए । तर, तत्काललाई उनको योजना फेरिएको छ । 'अझै पनि नेपालमा खेलेरै बाच्ने अवस्था छैन । त्यसैले बाहिर जाने सोच बनाएको थिएँ । तर, अब छैन । यसपटक राम्रो प्रदर्शन पनि भयो,' उमेर समूहको एसिसी यू-१९ एसिया कपमा नेपालको प्रतिनिधित्व गरिसकेका सूर्यले ३० विकेट लिएपछि भनेका छन् । उनले सिनियर टोलीका सबै खेलाडीमा खेल जिताउन सक्ने क्षमता रहेको र आफू पनि त्यो अवसरको खोजीमा रहेको संकेत गरेका छन् । 'नेपाली टिममा सबै म्याच विनर छन् । अवसर पाए त्यसलाई सदुपयोग गर्न म तयार छु ।'

■ बागमतीको छैटौं जित

बागमती प्रदेशले प्रतियोगितामा छैटौं जित निकालेको छ । प्रतियोगिताको ३४औं खेलमा बागमतीले लुम्बिनी प्रदेशमाथि ६ विकेटको जित निकाले पनि फाइनलमा स्थान भने पक्का गर्न सकेन । फाइनल प्रवेश गर्न नौ खेल नै खेलिसकेको बागमतीले अन्य टोलीको नतिजामा भर पर्नुपर्ने हुन्छ । अर्को खेलमा एपिएफ गण्डकी प्रदेशविरुद्ध ८८ रनको जित निकाल्दै छैटौं स्थानमा छ । सात खेल खेलेको एपिएफ आठ अंक जोडेको छ । उसले फाइनल पुग्न बाँकी दुवै खेल मात्रै जितेर पुग्नेछैन, अन्य टोलीको नतिजामा समेत भर पर्नुपर्ने हुन्छ ।

खेल संक्षेप

आरसिटीको प्रशिक्षण कार्यक्रम सुरु

काठमाडौं/ काठमाडौं महानगरपालिकाको सहयोगमा अन्नपूर्ण आरसिटीको आयोजनामा शनिबारदेखि फुटबल प्रशिक्षण कार्यक्रम सुरु भएको छ । उत्कृष्ट युवा खेलाडीको उत्पादन उद्देश्य राखेर ग्रासरुटस्तरको यो प्रशिक्षण कार्यक्रम सुरु गरिएको हो । कार्यक्रम लैनलोर युवा क्लब र बाँसबारी क्लबको संयुक्त सहकार्यमा सुरु भएको छ । प्रत्येक शनिबार र सार्वजनिक बिदाको दिन सञ्चालन हुने प्रशिक्षणमा आठदेखि १४ वर्षसम्मका एक सय २५ जना खेलाडीको सहभागिता रहेको छ । त्यसमध्ये १९ बालिका रहेका छन् ।

जुनियर बक्सिङ प्रतियोगिता हुने

काठमाडौं/ नेपाल बक्सिङ महासंघको तेस्रो कार्यसमितिको बैठक सम्पन्न भएको छ । महासंघका अध्यक्ष राम अवालेको अध्यक्षतामा ललितपुर हात्तीवनस्थित क्लासिक ब्यांक्वेटमा सम्पन्न तेस्रो बैठकले जुनियर प्रतियोगितासहित विभिन्न प्रतियोगिता आयोजना गर्ने भएको छ । महासंघको सचिवालयस्तरको बैठकले वर्षको कार्यक्रममा स्कुल, जुनियर, युथ, इलाइट र अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने र एएसबिसी, आइबा तथा आइओसीका अन्तर्राष्ट्रिय प्रतियोगितामा व्यापक सहभागी गराउने निर्णय गरेको छ । साथै, यसअघि गरेको निर्णयलाई पनि बैठकले अनुमोदन गरेको छ भने महासंघले आगामी बैठकले अन्तर्राष्ट्रिय मापदण्डअनुसारको कभर्डहल निर्माण कार्य अघि बढाउने भएको छ ।

सारिका र परिकालाई स्वर्ण

काठमाडौं/ बागमती प्रदेशकी सारिका धमला र एनआरएनएकी परिका बतासले दोस्रो गलाक राष्ट्रिय मुवाँठाई प्रतियोगितामा शनिबार स्वर्ण पदक जितेका छन् । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्मा भएको महिला ६० केजीमा सारिकाले एपिएफकी सुमित्रा नगरकोटी तथा ५१ केजीमा परिकाले गण्डकी प्रदेशकी मनीषा पुलामी मगरलाई पराजित गरेका हुन् ।

भुटानको पारोलाई हराउँदै श्री स्टार सेमिफाइलनमा

कास्कीमा **रोहितराज पराजुली**

अतिरिक्त समयको अन्तिम ६ मिनेटमा आशिष चापागाईंले दुई गोल गरेपछि श्री स्टार क्लब आहा रारा पोखरा गोल्ड कपको सेमिफाइनलमा प्रवेश गरेको छ । शनिबार सम्पन्न प्रतिस्पर्धात्मक खेलमा श्री स्टारले भुटानको लिग च्याम्पियन पारो एफसीलाई २-० ले पराजित गरेको हो । फाइनल प्रवेशका लागि श्री स्टारले जाउलाखेल युथ र मनाङ मर्स्याङदी क्लबबीचको विजेतासँग १५ माघमा खेल्नेछ । यसअघि श्री स्टारले उद्घाटन खेलमा आयोजक सहारा क्लबलाई २-१ ले पाखा लगाएको थियो । २३औं संस्करणसम्म आइपुग्दा श्री स्टारले पाँचपटक उपाधि हात पारिसकेको छ । पहिलोपटक सहभागी भएको पाहुना टोली पारो भने अघि बढ्न सकेन ।

जितपछि श्री स्टारका प्रशिक्षक विक्रम लामाले पारोविरुद्ध ९० मिनेटमै जितको अपेक्षा नराखेको बताए । 'भुटानमा लिग खेलेर आएकाले ९० मिनेटमा नै जित्छौंजस्तो लागेको थिएन । तर, पहिलो खेलभन्दा पारोविरुद्ध राम्रो भयो । जित्यौं पनि ।' पूर्वरक्षक लामाले भने, 'खेलाडीले मिहिनेत गरेका छन् । अर्को खेलमा अझ राम्रो खेल्नेछौं ।'

पारोका प्रशिक्षक पुष्पलाल शर्माले टोलीले प्राकृतिक मैदानमा खेलेको अनुभव नभएकाले कृत्रिम मैदानको तुलनामा केही असहज भएको बताए । 'हामीले कृत्रिम मैदानमा खेल्दै आएका थियौं । दुबोमा खेल्न असजह भयो,' उनले भेन, 'त्यसैले सोचेअनुसारको प्रदर्शन गर्न सकेनौं । नेपालमा हामी अनुभव लिन आएका हौं ।'

पोखरा रंगशालामा निर्धारित ९० मिनेटको समयमा दुवै टोलीले गोल गर्न नसकेपछि खेल अतिरिक्त ३० मिनेटमा धकेलिएको थियो । थपिएको पहिलो १५ मिनेट पनि गोलरहित बराबरीमा सकिएको थियो । बाँकी १५ मिनेटमा भने आशिष चम्किएपछि श्री स्टारले जित निकालेको हो । खेलको ११४औं मिनेटमा आशिषले पहिलो गोल गरे । पारोको रक्षकले गरेको गल्ती फाइदा उठाउँदै आशिषले सिक्स यार्ड भित्रबाट उत्कृष्ट गोल गरे । खेलको ११९औं मिनेटमा आशिषले दोस्रो गोल गरे । गोल फर्काउन आक्रामक बनेको पारोको गोलकिपर समेत अगाडी बढेको अवस्थामा आशिषले २५ यार्ड नजिक बल पाए । खाली पोस्टमा उनले करिब २५ यार्डबाट हानेको प्रहार सीधै जाली चुमेपछि श्री स्टारले २-० को अग्रता बनायो ।



LALITPUR METROPOLITAN CITY OFFICE

PULCHOWK, LALITPUR

Invitation for Electronic Bids

Date of publication: 2080-10-14 (28th Jan, 2024)

The Lalitpur Metropolitan City Office, Pulchowk, Lalitpur invites **electronic bids only** from eligible bidders under Single Envelope Bidding procedures for the construction of following works as per given table below. Bidders may obtain further information at Lalitpur Metropolitan city Office,Pulchowk,Lalitpur ,or may visit PPMO webSite **www.bolpatra.gov.np/egp.**

Contract identification no	Contract Name	Estimate Amount Exclusive VAT & Contingency	Bid security (120days)	Last date and time of bid submission	Bid opening date and time	Bid Document fee
LMC-NCB-WORKS-2080/81-05	Road Asphalt Works at Ward 6 & 18, LMC	NRs. 65,73,411.44	NRs. 1,67,000	2080-11-15 (27th Feb. 2024 at 12.00 PM	2080-11-15 (27th Feb. 2024 at 12.30 PM	3000.00
LMC-NCB-WORKS-2080/81-06	Urban Road Construction Works in LMC	NRs. 1,27,84,036.05	NRs. 3,20,000	2080-11-15 (27th Feb. 2024 at 12.00 PM	2080-11-15 (27th Feb. 2024 at 12.30 PM	3000.00

Doramba Shailung Rural Municipality
Office of the Municipal Executive
Tokarpur, Ramechhap
Bagmati Province

Invitation for Bids

First date of publication: 14th Magh, 2080 (28 January, 2024)

The Doramba Shailung Rural Municipality, Tokarpur Ramechhap invites electronic bids from eligible bidders as below.For Further Information visit PPMO's website www.bolpatra.gov.np/egp or visit www.dorambamun.gov.np. The Summary of Contract is tabulated below.

Under National Competitive Bidding-Single stage Single Envelope Bidding Procedures:

S.N	Contract No.	Description of Work	Minimum Bid Security Amount NRS	Bid Document Fee(Non refundable) NRS	Bid validity/Bid security validity Period	Estimated cost (exclusive VAT) NRS
1	DSRM/Works/ NCB/080/81-01	Upgrading Galpa Doramba KholaKharka Road	1,30,000	3000	90 days/120 days	45,96,810.97
2	DSRM/Works/ NCB/080/81-02	Upgrading of Doramba Bazar Gate Aspatal Dada Road	60,000	3000	90 days/120 days	21,30,218.01
3	DSRM/Works/ NCB/080/81-03	Upgrading of Jor Chautara Agleshwori Sallaghari Road	60,000	3000	90 days/120 days	21,30,218.01
4	DSRM/Works/ NCB/080/81-04	Upgrading of Megre Thapagaun Changakhola Namgthali Surke Baluwa Road	96,000	3000	90 days/120 days	34,04,553.24
5	DSRM/Works/ NCB/080/81-05	Road Construction of Chaurikhola Lakhanpur Risthe Guranse Gunsal	96,000	3000	90 days/120 days	34,05,131.25
6	DSRM/Works/ NCB/080/81-06	Upgrading of Chaurikhola Lakhanpur Gurase Gunsal Road	96,000	3000	90 days/120 days	3,405,133.03
7	DSRM/Works/ NCB/080/81-07	Upgrading of Tar Pudighyang Magardarga Chyarpa Pasewan Road	1,20,000	3000	90 days/120 days	42,51,238.06
8	DSRM/Works/ NCB/080/81-08	Upgrading of Tar Pudi Thapagaun Tharbhanjyang Tokarpur Dudhile Bhanjyang Road	1,20,000	3000	90 days/120 days	42,54,116.12
9	DSRM/Works/ NCB/080/81-09	Road construction at to karpur Alchedhunga Sisneri Alampur Galpa	4,80,000	3000	90 days/120 days	1,70,03,227.41
10	DSRM/Works/ NCB/080/81-10	Upgrading of tokarpur Doramba Dadakateri Sahidpark Kukhure Aahal Road	96,000	3000	90 days/120 days	34,03,981.92
11	DSRM/Works/ NCB/080/81-11	Construction of Puditar Thapagaun Dopla Tharbhanjyang Road	4,80,000	3000	90 days/120 days	1,70,03,228.37
12	DSRM/Works/ NCB/080/81-12	Upgrading of Tokarpur Pasewan to darga koilibagar Road	2,40,000	3000	90 days/120 days	84,99,026.32
13	DSRM/Works/ NCB/080/81-13	Construction of Tarbhir Kholaghari Irrigation Project	60,000	3000	90 days/120 days	21,30,220.34

Information to deposit the cost of bid document : **Global IME Bank, Doramba , Ramechhap**
For Bid Doc Fee: Ac no : **R904010000008 (Ga.1.1 Aantarik Rajaswo Khata Doramba)**
For Bid Security : Ac no : **R904010000004 (Ga.3 Dharauti Khata Doramba)**
Last Date of purchasing bid and submission of Bids : **on or before 12:00 hour noon on 28th feburary, 2024**
Date of Opening Bids : **14:00 hours on 28th feburary, 2024**

Note: If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com